Visit Dwarkadheeshvastu.com For

FREE Vastu Consultancy, Music, Epics, Devotional Videos
Educational Books, Educational Videos, Wallpapers

****

All Music is also available in CD format. CD Cover can also be print with your Firm Name

****

We also provide this whole Music and Data in PENDRIVE and EXTERNAL HARD DISK.

Contact : Ankit Mishra (+91-8010381364, dwarkadheeshvastu@gmail.com)

****

TRAILOKYAMANGAL SURYASTOTRAM

(Nepali)

****

विषय-सूची

विषय	पृ.सं.
१. भगवान् श्रीसूर्य : एक संक्षिप्त परिचय	१
२. श्रीसूर्य-उपासना किन ?	१२
३. संज्ञा (संक्षिप्त परिचय)	२२
४. श्रीसूर्य-व्रत आइतवार नै किन ?	२५
५. सूर्यसँग सम्बन्धित केही चाड़-पर्वहरू	२६
६. सूर्य-पूजनका लागि उपयुक्त फूलहरू	२८
७. श्रीसूर्य-व्रतसम्बन्धी प्रचलित सामान्य नियमहरू	३०
८. रविवार (आइतवार) व्रत-विधि	३१
९. रविवार (आइतावारी) व्रत-कथा	३२
१०. सूर्यपुराणको सवाई	३६
११. श्रीसूर्य आरती	५९
१२. श्रीसूर्य प्रातः स्मरणम्	६०
१३. श्रीसूर्य स्तुतिः	६०
१४. सूर्यायास्तोत्रम्	६१
१५. सूर्यस्तोत्रम्	६२
१६. सूर्यस्तवराजः	६३
१७. युधिष्ठिरकृत सूर्यस्तोत्रम्	६४
१८. अर्जुनकृत सूर्यस्तोत्रम्	६८
१९. याज्ञवल्क्यकृत सूर्यस्तोत्रम्	६९
२०. दुःस्वप्ननाशन सूर्यस्तुतिः	७०
२१. तृचाकल्पनमस्कारः	७१
२२. श्रीसूर्य द्वादश वन्दना	७३
२३. सूर्यकवचम्	७५
२४. सूर्यकवचस्तोत्रम्	७६
२५. श्रीसूर्यवज्रपञ्जरकवचम्	७७
२६. आदित्यहृदयम्	८२

२७. आदित्यहृदयस्तोत्रम्	१०१
२८. सूर्याष्टकम्	१०४
२९. सूर्यमण्डलाष्टकम्	१०५
३०. सूर्यार्घ्यार्थ सप्ततिनामावली:	१०७
३१. सूर्यशतकम्	११०
३२. सूर्याष्टोत्तरशतनामस्तोत्रम्	१३१
३३. सूर्यसहस्रनामस्तोत्रम्	१३३
३४. सूर्यसहस्रनामावली:	१४५
३५. सूर्य-गायत्री एवं न्यास	१६२
३६. सूर्यसम्बन्धी केही वैदिक मन्त्रहरू	१६२
३७. सूर्यसम्बन्धी अन्य केही मन्त्रहरू	१६३
३८. ऋग्वेदोक्त सूर्यसूक्त	१६३
३९. शुक्लयजुर्वेदोक्त सूर्यसूक्त	१६४
४०. सूर्योपनिषत्	१६५
४१. अक्ष्युपनिषत्	१६७
४२. कृष्णयजुर्वेदीय चाक्षुषोपनिषत्	१६८
४३. श्रीसूर्य गीता	१६९
४४. रविवारेऽनुष्ठेयं सूर्यव्रतम्	२१९
४५. आशादित्यव्रतम्	२२३
४६. दानफलव्रतम्	२२८
४७. श्रीसूर्य-पूजा र व्रतविधि	२३३
४८. श्रीसूर्य ग्रहशान्ति प्रयोग:	२४०
४९. सूर्ययन्त्र	२४२
४८. परिशिष्ट	(२४३-२९०)

शुभाशंसा

डॉ० गुरुप्रसाद सुवेदी
प्राचार्य– महेश संस्कृत गुरुकुल विद्यापीठ,
देवघाट, तनहुँ

भगवान् सूर्य चराचर जगत्मा व्याप्त हुनुहुन्छ र चराचर जगत्को आत्मा पनि हुनुहुन्छ । वेद भन्छ– 'सूर्य आत्मा जगतस्तस्थुषश्च । दिनको प्रारम्भ सूर्योदयबाट भएझैं समग्र सृष्टिको प्रारम्भ पनि सूर्यबाट भएको मानिन्छ । त्यसैले सूर्यदेवलाई सविता पनि भनिन्छ । गायत्री मन्त्रमा आएको 'सविता' पदले जगदुत्पत्तिकर्तृत्व, 'वरेण्य' पदले जगत्पालकत्व र 'भर्ग' पदले जगत्प्रलयकर्तृत्वको सङ्केत गर्दछन् । यी तीनवटै पद एउटै परमात्माका पर्याय हुन् । त्यसैले सूर्यदेव परमात्मरूप हुनुहुन्छ । अर्थात् सूर्यदेवको समग्र जीवन र जगत्सँग तादात्म्य सम्बन्ध छ । तादात्म्य सम्बन्ध भनेको अभेदमा मायाजनित भेदलाई लिएर बन्ने सम्बन्ध हो । कर्मसाक्षी, जगच्चक्षु, लोकबन्धु, त्रयीतनुः, प्रद्योतन, दिनमणि, लोकबान्धव, भास्कर, इन, मित्र आदि सूर्यका पर्यायहरूले यही कुरा दर्शाउँछन् । सूर्योपासनापरक वेदमन्त्रले पनि सूर्यलाई जगत्साक्षी भइकन जगद्व्याप्त तत्त्वको रूपमा यसरी प्रतिपादन गरेका छन्–

ॐ आकृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यञ्च ।
हिरण्ययेन सविता रथेन देवो याति भुवनानि पश्यन् ।।

क्षण व निमेषादि युगकल्पान्त कालकल्पना पनि सौरगतिको आधारमा नै परिकल्पित छ । सम्पूर्ण ज्योतिष शास्त्र र ग्रह-गणितीय व्यवहार सूर्यको गतिमा नै समाश्रित छन् । पृथ्वीमा यस्तै कुनै ठाउँलाई पूर्व वा पश्चिम, उत्तर वा दक्षिण भन्ने आधार पनि सूर्य नै हुनुहुन्छ । यसप्रकार समग्र विश्वसृष्टिको प्रारम्भ, परिचालन र उपसंहार सूर्यबाट भएको देखिन्छ ।

स्मृति, पुराण र इतिहासमा सूर्यको महिमा प्रशस्तरूपमा गाइएको छ । पौराणिक कथानक अनुसार हालका वैवस्वत मनु विवस्वान् (सूर्य)का पुत्र हुन् । भगवान् राम सूर्यका वंशज हुनुहुन्छ र यिनै वैवस्वत मनुबाट हालको सृष्टि फैलिएका हो । भगवद्गीताको ज्ञान सर्वप्रथम विवस्वान्बाट प्रचार भएको

देखिन्छ । यसका साथै स्मृति र धर्मशास्त्रमा सूर्योपासनाद्वारा मानवजीवनको सर्वविध कल्याण हुने कुरा दर्शाउँदै खास गरी मानवजीवनको सुख समृद्धि र आरोग्य-प्राप्ति सूर्यबाटै नै बताइएको छ– आरोग्यं भास्करादिच्छेत् उक्ति प्रसिद्ध पनि छ ।

वर्तमान विज्ञानले सौर चिकित्सापद्धतिलाई मान्यता दिएको छ भने आरोग्य-प्राप्तिका लागि सूर्य किरणको उपयोगबाट दूषित पानीको शुद्धीकरण गर्ने प्रविधि व्यवहारमा समेत प्रचलित भइसकेको छ । अन्य देवता छन् कि छैनन्, फल दिन्छन् कि दिँदैनन् यसमा शङ्का हुन सक्छ, तर सूर्यदेव त प्रत्यक्ष हुनुहुन्छ । यहाँ कुनै विवाद छैन । सूर्यको सम्बन्धमा कुरा गर्दा कोही नास्तिक हुनै सक्दैन । त्यसैले ज्योतिष विद्याको प्रचार छ । भनिन्छ–

अप्रत्यक्षाणि शास्त्राणि विवादस्तत्र केवलम् ।
प्रत्यक्षं ज्यौतिषं शास्त्रं चन्द्रार्कौ यत्र साक्षिणौ ।।
स्वस्ति पन्था मनुचरेम सूर्या चन्द्रमसाविव ।।

अर्थात् हामीले सूर्य र चन्द्रमाको जस्तो अविश्रान्त गति लिनु पर्छ । शुभकर्म, शुभविचार, प्रकाशमानता, परोपकार, गतिशीलता आदिका लागि सूर्य भगवान् हाम्रो आदर्श हुनुहुन्छ । यी सबै दृष्टिले हेर्दा सूर्योपासना हाम्रो धर्म, संस्कृति र जीवनकलाको अभिन्न अङ्ग हो भन्न सकिन्छ ।

मेरा आदरणीय मित्र र बालसखा श्रीओमप्रकाश अधिकारीले सूर्योपासनाका विविध पक्षहरूलाई समेट्दै सूर्यसम्बन्धी सूक्त, मन्त्र र स्तोत्रहरू समेत भएको त्रैलोक्यमङ्गलसूर्यस्तोत्रम् (श्रीसूर्यस्तोत्रावली) नामक पुस्तक तयार पार्नु भएको छ । स्थालीपुलाकन्यायले हेर्दा यो पुस्तक सङ्ग्रहणीय र मननीय लाग्यो । सूर्यको व्रत र उपासनामा उपयोगी यस किसिमको ग्रन्थरत्न पहिलोपटक सर्वसुलभ हुन पुगेको छ । यस सत्प्रयासका निमित्त मित्र श्री ओमप्रकाशजीलाई साधुवाद छ । अन्तर्मुखि व्यक्तित्व भएका मित्र ओमप्रकाशजीमा बाल्यकालदेखि नै केही लेखिरहने सृजनशील प्रतिभा पाइन्थ्यो । आजसम्म उहाँले पच्चीसभन्दा धेरे पुस्तकहरू प्रकाशित गरिसक्नुभएको छ भने केही कृतिहरू प्रकाशोन्मुख रहेका छन् । उहाँको यो रचनात्मक प्रयास अझै परिष्कृत र परिवर्धित हुँदै जाओस् भनी भगवान् श्री सूर्यनारायणसँग प्रार्थना गर्दै सर्वविध मङ्गलकामना गर्दछु । अस्तु ।

सम्पादकको पेटारोबाट

प्रिय पाठकवृन्द !

नेपाली भाषा साहित्यको श्रीवृद्धिका साथै तमाम पाठकवृन्दको चाहना अनुसारका पुस्तकहरू लामो समयदेखि निरन्तर रूपमा लेखन, सम्पादन गर्दै आइरहेको तथ्य यहाँहरूलाई अवगत नै छ ।

यसै परिप्रेक्ष्यमा यसपटक हामीले भगवान् श्रीसूर्यसम्बन्धी स्तोत्र-हरूलाई एकत्र गरी एउटा पुस्तकका आकारमा प्रस्तुत गर्ने जमर्को गरेका छौं ।

हुन त यस किसिमको पुस्तक श्रीसूर्यका भक्तहरूद्वारा धेरै पहिल्यै-देखि नै प्रकाशित गराइदिने आग्रह भइराखेको थियो । र हामीले पनि यस किसिमको पुस्तक लेखन तथा प्रकाशन गर्ने चाहना धेरै समयदेखि नै राखेका थियौं । तर हालसम्म पनि कहीं कतै-कसैबाट पनि दृष्टिगोचरसम्म रहेको पनि नदेखिएकोले र श्रीसूर्यका भक्त-उपासकहरूले बारम्बार हामीलाई यस किसिमको पुस्तकको प्रकाशन गर्न घचघच्याई रहनुभएको हुनाले सोही बमोजिम यो पुस्तक समस्त पाठकवृन्दका करकमलमा राख्ने प्रयास गरेका हौं । हामी यसमा के-कति सफल वा असफल भयौं, त्यो त पाठकवृन्दबाट प्राप्त हुने सुझाव र प्रतिक्रियाले नै बताउने छ, तापनि हामीलाई यो भन्न मन लागेको छ कि पुस्तक अति उपयोगी बन्न पुगेको छ । अत्यन्त महत्त्वका, दुर्लभ र उपयोगी स्तोत्र-मन्त्रहरू यसमा समावेश गरिनुका साथै सूर्यको उपासना किन ? सूर्यको व्रत आइतवारको दिन नै किन गरिन्छ ? आदि विषयमा पनि विवेचनात्मक लेख प्रस्तुत गरिएको छ भने श्रीसूर्यसहस्रनामस्तोत्र तथा सहस्रनामावली, श्रीसूर्य गीता, सूर्यपुराणको सवाई (माहात्म्य), आइतवारी व्रत-कथा, आरती आदि कैयौं विषयहरूको पनि समावेश गरिएको छ ।

यस्तो लाग्दछ यस किसिमको सूर्यसम्बन्धी अधिकाधिक स्तोत्रहरू भएको पुस्तक नेपाली भाषामा मात्र होइन कि हिन्दी वा संस्कृतमा समेत उपलब्ध थिएन । हामीले यस्तो गतिलो कार्य गरेको जस लिन नखोजे पनि गौरवान्वित नभइरहन सकेनौं ।

तर हामी यसैमा-यत्तिकैमा मख्ख छौं भनेर दावी गरिरहेका भने छैनौं । यदि कुनै महानुभावहरूसँग यस पुस्तकमा समावेश गरिएकोभन्दा

बाहेक श्रीसूर्यसम्बन्धी कुनै स्तोत्र- मन्त्रहरू छन् भने हामीलाई प्रेषित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । त्यस्ता प्राप्त सामग्रीहरूलाई आगामी संस्करणहरूमा थप्दै जाने विश्वास दिलाउन चाहन्छौं ।

अनि पुस्तकमा रहेका विधि-विधान र स्तोत्र-मन्त्रहरूमा अक्षर आदिको अशुद्धता नरहोस् भनेर विशेष सतर्कता अपनाइएको छ । तथापि दृष्टिदोष र मेरो आफ्नो अज्ञानताको कारणले कहीं कतै त्रुटिहरू रहन गएका भए विद्वज्जनसँग क्षमा याचना गर्दै रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

नेपालीमा एउटा उखान छ कि 'गर्नेभन्दा गराउने भलो' । प्रस्तुत पुस्तकको सामग्री सङ्कलन, लेखन तथा सम्पादनको क्रममा मलाई बारम्बार सल्लाह, सुझाव र उपयुक्त निर्देशन दिनुका साथै आफू पनि यसै कार्यमा निरन्तर खटिई प्रकाशनको जिम्मेवारी समेत वहन गर्नु भएर उल्लेखनीय कार्य गर्नुहुने श्रद्धेय श्रीसागर शर्माज्यू प्रति आभार प्रकट गर्दछु ।

मेरो यो सानू प्रयासलाई अत्यन्त सह्रानी गर्नु भई शुभकामना-मन्तव्य प्रदान गर्नुहुने श्रद्धेय गुरु गोपालशरणज्यू र डॉ० गुरुप्रसाद सुवेदीज्यू प्रति कृतज्ञता व्यक्त गर्दै पेटारो बन्द गर्दैछु । साथै पुस्तक सम्पादनकै क्रममा परिशिष्ट भागको केही सामग्रीहरूको पुनर्लेखन तथा प्रेसकॉपी तयार गरिदिनु भएर ठूलो सहयोग गरिदिनुभएकोमा म श्री ऋषिराज वाग्ले(चोरमारा, नवल-परासी)लाई पनि सम्झन चाहन्छु ।

विनीत

ओमप्रकाश अधिकारी

अग्यौली-९ डण्डा (नवलपरासी)

विषय-सूची

विषय	पृ.सं.
१. भगवान् श्रीसूर्य : एक संक्षिप्त परिचय	१
२. श्रीसूर्य-उपासना किन ?	१२
३. संज्ञा (संक्षिप्त परिचय)	२२
४. श्रीसूर्य-व्रत आइतवार नै किन ?	२५
५. सूर्यसँग सम्बन्धित केही चाड़-पर्वहरू	२६
६. सूर्य-पूजनका लागि उपयुक्त फूलहरू	२८
७. श्रीसूर्य-व्रतसम्बन्धी प्रचलित सामान्य नियमहरू	३०
८. रविवार (आइतवार) व्रत-विधि	३१
९. रविवार (आइतावारी) व्रत-कथा	३२
१०. सूर्यपुराणको सवाई	३६
११. श्रीसूर्य आरती	५९
१२. श्रीसूर्य प्रातः स्मरणम्	६०
१३. श्रीसूर्य स्तुतिः	६०
१४. सूर्यायास्तोत्रम्	६१
१५. सूर्यस्तोत्रम्	६२
१६. सूर्यस्तवराजः	६३
१७. युधिष्ठिरकृत सूर्यस्तोत्रम्	६४
१८. अर्जुनकृत सूर्यस्तोत्रम्	६८
१९. याज्ञवल्क्यकृत सूर्यस्तोत्रम्	६९
२०. दुःस्वप्ननाशन सूर्यस्तुतिः	७०
२१. तृचाकल्पनमस्कारः	७१
२२. श्रीसूर्य द्वादश वन्दना	७३
२३. सूर्यकवचम्	७५
२४. सूर्यकवचस्तोत्रम्	७६
२५. श्रीसूर्यवज्रपञ्जरकवचम्	७७
२६. आदित्यहृदयम्	८२

२७. आदित्यहृदयस्तोत्रम् १०१
२८. सूर्याष्टकम् १०४
२९. सूर्यमण्डलाष्टकम् १०५
३०. सूर्यार्घ्यार्थ सप्ततिनामावली: १०७
३१. सूर्यशतकम् ११०
३२. सूर्याष्टोत्तरशतनामस्तोत्रम् १३१
३३. सूर्यसहस्रनामस्तोत्रम् १३३
३४. सूर्यसहस्रनामावली: १४५
३५. सूर्य-गायत्री एवं न्यास १६२
३६. सूर्यसम्बन्धी केही वैदिक मन्त्रहरू १६२
३७. सूर्यसम्बन्धी अन्य केही मन्त्रहरू १६३
३८. ऋग्वेदोक्त सूर्यसूक्त १६३
३९. शुक्लयजुर्वेदोक्त सूर्यसूक्त १६४
४०. सूर्योपनिषत् १६५
४१. अक्ष्युपनिषत् १६७
४२. कृष्णायजुर्वेदीय चाक्षुषोपनिषत् १६८
४३. श्रीसूर्य गीता १६९
४४. रविवारेऽनुष्ठेयं सूर्यव्रतम् २१९
४५. आशादित्यव्रतम् २२३
४६. दानफलव्रतम् २२८
४७. श्रीसूर्य-पूजा व्रत-विधि २३३
४८. श्रीसूर्य ग्रहशान्ति प्रयोग: २४१
४९. सूर्ययन्त्र २४२
४८. परिशिष्ट (२४३-२९०)

भगवान् श्री सूर्य : एक संक्षिप्त परिचय

भगवान् सूर्यको स्तुतिका सन्दर्भमा भक्त (उपासक) प्रात:कालमा प्रार्थना गर्दै भन्दछन् कि– 'हे भगवान् सूर्य ! म हजुरको त्यस श्रेष्ठ रूपको स्मरण गर्दछु, जसको मण्डल ऋग्वेद छ, तनु (शरीर) यजुर्वेद छ, किरणहरू सामवेद एवं ब्रह्मा शिवको रूप छ, हजुर नै जगत्को उत्पत्ति, रक्षा र लयका कारण हुनुहुन्छ साथै अलक्ष्य र अचिन्त्य हुनुहुन्छ । हजुर ब्रह्मा, इन्द्र आदि देवताहरूद्वारा स्तुत्य र पूजित हुनुहुन्छ । वृष्टिका कारण एवं अवृष्टिका कारण, तीनै लोकका पालनमा तत्पर र सत्त्व आदि त्रिगुणरूप धारण गर्नेवाला तथा अनन्त शक्तिसम्पन्न आदिदेव सवितालाई म प्रणाम गर्दछु' ।

भगवान् श्रीसूर्यनारायण ! हजुर प्रत्यक्ष देवता हुनुहुन्छ । हजुर तीनै लोक र चौथै भुवनका स्वामी हुनुहुन्छ । चारै युगमा हजुरको महिमा, गरिमा र प्रताप विश्वविदित नै छ । **'सूर्य आत्मा जगतस्तस्थुषश्च'** भन्ने वैदिक मन्त्र हजुरका लागि प्रसिद्ध नै छ । हजुर चराचर विश्व ब्रह्माण्डको आत्मा हुनुहुन्छ । हजुर अन्धकारको र दुष्ट(राक्षस)हरूको नाश गर्नेवाला, दु:ख-रोगादिबाट छुटकारा दिलाउने, नेत्र ज्योति तथा आयु बढ़ाउनेवाला हुनुहुन्छ । हजुर हृदयरोग, क्षयरोग एवं कमलपित्त आदि सम्पूर्ण रोगहरू टाढ़ै भगाइदिनेवाला हुनुहुन्छ । रोगहरूको नाश गर्नेवाला भगवान् श्रीसूर्यको सम्बन्धमा ऋग्वेद–१/५०/११मा भनिएको छ–

> उद्यन्नद्य मित्रसह आरोहन्नुतरां दिवम् ।
> हृद्रोगं मम सूर्य हरिमाणं च नाशय ।।

अर्थात् हे हितकारी तेजवाला सूर्य ! हजुर आज उदाउँदै गर्नु हुँदा र उच्च आकाशमा जाने समयमा मेरा हृदयको अज्ञानरूप रोग र शारीरिक सम्पूर्ण रोगहरू नष्ट गर्नुहोस् । यसरी आरोग्यको कामना पनि भगवान् सूर्यसँग गरिन्छ– **आरोग्यं भास्करादिच्छेत्** । मत्स्य पुराण र भागवतको यो वचन सबैमा विदितै छ । भगवान् शिवलाई जलधारा प्रिय छ भने भगवान् श्रीसूर्यलाई मात्र नमस्कार अत्यन्त प्रिय छ भन्ने कुरो व्यापकै छ– (नमस्कार प्रियो भानुर्जलधारा प्रिय: शिव) ।

सन्ध्या कर्ममा गायत्रीको जप नित्य गर्ने गरिन्छ । गायत्री मन्त्र

मूलरूपले सूर्यभगवान्‌को नै उपासना हो । यही गायत्री वेदकी माता हुन्, पापनाशिनी हुन् तथा सर्वदेवमयी हुन् । भगवान् सूर्यको उपासनाका धेरै जसो मन्त्र र वचनहरू प्रसिद्ध नै छन्– सूर्यका १२ नाम, २१ नाम, १०८ नाम र सहस्रनाम आदिको जप, चाक्षुषोपनिषद्‌को पाठ र अष्टाक्षर मन्त्र इत्यादि अनेकौं शास्त्रोक्त मन्त्रहरू छन् । सन्ध्या गर्दा गायत्री मन्त्रले नै सूर्यलाई अर्घ्य दिने विधान छ । तर जसलाई पूर्ण सदाचार र संस्कार सुलभ भएको छैन र तसर्थ गायत्री मन्त्रद्वारा जलार्घ्य दिने अधिकार प्राप्त छैन भने उसले '**ॐ एहि सूर्य सहस्रांशो.... ॐ सूर्याय नमः, ॐ आदित्याय नमः, ॐ भास्कराय नमः**' भनेर जलार्घ्य दिन सक्दछ । आदित्यहृदयको पाठ पनि प्रसिद्ध नै छ । कुनै पनि प्रकारले होस् भगवान् श्रीसूर्यदेवको उपासना मनोवाञ्छित फल प्राप्त गर्नको लागि असरकारक र परम कल्याणकारक मानिएको छ । बाल्मिकी रामायणमा भगवान् श्रीरामले आदित्यहृदयको पाठ र जप गरेर रावणमाथि विजय प्राप्त गर्नु भएको थियो । आदित्यहृदय स्तोत्रको अनुसार भगवान् सूर्य नै ब्रह्मा, विष्णु, शिव, महेन्द्र, वरुण, काल, यम, सोम आदि अनेक रूपमा प्रतिष्ठित हुनुहुन्छ । उहाँको अर्चना-प्रार्थना गर्नाले मङ्गलको उदय हुन्छ ।

भगवान् सूर्य पृथ्वीतलमा उदाउने बित्तिकै मृतप्राय अचेतन जगत्‌मा चेतनाको सञ्चार हुन्छ । उहाँ इष्टप्राप्ति गराउन र अनिष्टको निवारणमा पूर्णतः सक्षम हुनुहुन्छ । 'आत्मानं विद्धि' अर्थात् आफूलाई जान यो वेदको आदर्श वाक्य हो । सूर्यको उपासना आत्माको उपासना हो । शतपथ ब्राह्मणमा देव-उपासक भन्दा आत्म-उपासक श्रेष्ठ भनिएको छ । सूर्यको उपासक ज्योतिष्मान हुन्छ । द्विजातिको लागि अनिवार्य सन्ध्या वन्दनमा श्रीसूर्यको प्रार्थना यसप्रकार गरिएको छ– **ॐ तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् पश्येम शरदः शतं जीवेम शरदः शत ्ँ श्रृणुयाम शरदः शतं प्रब्रवाम शरदः शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात्** । यस मन्त्रमा भगवान् श्रीसूर्यनारायणसँग दीर्घ आयुष्यको लागि प्रार्थना गरिएको छ ।

उष्णता र ऊर्जाको भण्डार श्रीसूर्य नभए सम्पूर्ण विश्व चिसोले खुम्चिने थियो । चारैतिर बरफ नै बरफ हुने थियो । सूर्य किरणको उष्मा र वायुद्वारा समुद्रको जल वाष्पीकृत भइ नै वर्षा हुने हो, सो नभए अन्न र जलको अभाव

हुने थियो अनि प्राणिहरू जीवित रहन सक्ने थिएनन् । श्रीसूर्यले निष्काम भावले कर्म गर्दै स्थावर (नहिंड्ने– वृक्ष, पर्वतादि) जङ्गम (जरायुज, स्वेदज, अण्डज, उद्भिज) लगायतको सम्पूर्ण सृष्टि बिना भेदभाव मित्रको रूपमा प्रकाशित एवं पालन-पोषण गर्नुहुन्छ । सूर्यभन्दा ठूलो जगत्-मित्र अरू कोही छैन । देहमा रहेको हाम्रो आत्माको विकासको मूलस्रोत तथा उद्गम स्थल सूर्य-मण्डल नै हो । तसर्थ सूर्य-उपासनाले तेज, बल र बुद्धि सुरक्षित रहन्छ । भगवान् सूर्यद्वारा प्रेरित भएर हामीले निष्काम कर्म गर्दै सादा जीवन एवं उच्च विचारका साथ जीवनयापन गर्नुपर्दछ ।

मानिसको जीवन श्वासमा नै निर्भर छ । यसकारण सन्ध्यामा प्राणायामको विशेष महत्व छ । प्राणायामसाथ बिहानीको समयमा सूर्यको किरणहरू हाम्रो शरीरमा पर्नाले इच्छाशक्ति र क्रियाशक्तिको विकास हुन्छ र शरीर, मन तथा आत्मा तीनै पुष्ट र बलवान् बन्न पुग्दछन् ।

शुक्लयजुर्वेदको ७/४२मा प्रत्यक्ष देवता भगवान् श्रीसूर्यको महिमाका विषयमा भनिएको छ–

चित्रंदेवानामुदगादनीकंचक्षुर्मित्रस्यवरुणस्याग्नेः। आ प्राद्यावापृथिवीअन्तरिक्ष ꣳ सूर्य आत्मा जगतस्तस्थुषश्च ॥

अर्थात् जो तेजोमय किरणहरूको पुञ्ज हुनुहुन्छ, मित्र, वरुण, अग्नि आदि देवताहरू र समस्त जगत्का प्राणीहरूका नेत्र हुनुहुन्छ । अनि स्थावर-जङ्गम सबैको अन्तर्यामी आत्मा हुनुहुन्छ, उनै भगवान् सूर्य आकाश, पृथ्वी र अन्तरिक्षलोकलाई आफ्नो प्रकाशद्वारा प्रकाशित गर्दै आश्चर्यरूपले उदित भइरहनुभएको छ । (यस्ता सूर्य भगवान्लाई म प्रणाम गर्दछु) ।

सम्पूर्ण विश्वका प्रत्यक्ष देव सूर्यबाट नै यस सृष्टिका भूत-प्राणी (नर, देव, तिर्यक योनीका र अन्य प्राणी) उत्पन्न हुन्छन् अनि उहाँको अवलम्बनबाट नै प्राणीमात्रले आफ्नो जीवन-प्रक्रियालाई गतिशील बनाउँदछन्–

सूर्याद्वै खल्विमानि भूतानि जायन्ते । सूर्याद्यज्ञः पर्जन्योऽन्न मात्मा.... । आदित्याद्वायुर्जायते । आदित्याद्भूमिर्जायते । आदित्याद् व्योमदिशो जायन्ते । आदित्याद्देवा जायन्ते । आदित्याद्वेदा जायन्ते आदित्यो वा एष एतन्मण्डलं तपति । (सूर्योपनिषद्) ।

सूर्यबाट यज्ञ, यज्ञबाट मेघ, मेघबाट वर्षा, वर्षाबाट अन्न-फल-जल तथा औषधि आदि उत्पन्न हुन्छन् । अन्नबाट अन्नमय कोश, बल-वीर्य एवं चेतना, आत्माको उदय हुन्छ । श्रीसूर्य बिना सृष्टिचक्र, जीवन-चक्र, ऋतुचक्र, दैनिकचक्रादिको कल्पनामात्र पनि सम्भव हुँदैन । आदित्य अर्थात् सूर्य द्वारा नै वायु, भूमि, जल, प्रकाश, ज्योति, आठवटै दिशाहरू, अन्तरिक्ष, देव, वेद आदि उत्पन्न हुन्छन् ।

शास्त्रहरूअनुसार भगवान् सूर्यको रथमा प्रत्येक महिनामा भिन्न-भिन्न आदित्यहरू बसेका हुन्छन् । पाठकवृन्दको जानकारीको लागि यहाँ प्रत्येकको विवरण संक्षिप्तरूपमा दिइएको छ–

१. चैत्र महिनामा सूर्यको रथमा 'धाता' नामका आदित्य निवास गर्दछन् ।
२. वैशाख महिनामा 'अर्यमा' नामका आदित्य सूर्यको रथमा रहन्छन् ।
३. ज्येष्ठ महिनामा 'मित्र'; ४. आषाढ महिनामा 'वरुण'; ५. श्रावण महिनामा 'इन्द्र'; ६. भाद्र महिनामा 'विवस्वान्'; ७. आश्विन महिनामा 'पूषा'; ८. कार्तिक महिनामा 'पर्जन्य'; ९. मार्गशीर्ष महिनामा 'अंश'; १०. पौष महिनामा 'भग'; ११. माघ महिनामा 'त्वष्टा'; र १२. फाल्गुन महिनामा श्रीसूर्यको रथमा 'विष्णु' नामका आदित्य निवास गर्दछन् । यिनै आदित्य आ-आफ्ना समयमा उपस्थित भएर वसन्त, ग्रीष्म, वर्षा, शरद आदि छः ऋतुहरूका कारण बन्दछन् ।

प्रायः सबै ऋषिहरूले सूर्योदय, मध्याह्न र सूर्यास्तका समयमा त्रिकाल-सन्ध्याद्वारा श्रीसूर्यदेवको उपासना गर्दै आएका कुराहरूको ग्रन्थहरूमा उल्लेख पाइन्छ । गायत्री मन्त्र वस्तुतः सूर्यदेवकै आराधना हो । सविता देवताको उपासना नै यसको मुख्य आधार हो ।

सूर्यगायत्री मन्त्रमा पनि सहस्त्ररश्मिप्रवाहक सूर्यदेवसँग कल्याणका लागि प्रार्थना गरिएको छ–

आदित्याय विद्महे सहस्त्रकिरणाय धीमहि । तन्न सूर्यः प्रचोदयात् ।

ऋषिगणहरू दीर्घ आयुको प्राप्ति, दृष्टि, श्रवणशक्ति, वाक्शक्ति र धन-धान्यको सम्पन्नताको लागि पनि श्रीसूर्य भगवान्सँग नै प्रार्थना गर्दछन् । पञ्चदेवको उपासनामा पनि श्रीसूर्यदेवको आराधना हुन्छ । श्रीसूर्यनारायणको

अमृतमय किरणहरू आरोग्यदायक, जीवाणु, विषाणु र कीटाणु आदिका नाशक मानिन्छन् । आज-भोलि वैज्ञानिकहरू पनि सूर्यका किरणहरूद्वारा विटामिन डी प्राप्त हुने र उनका पराबैंगनी किरणद्वारा जीवाणुहरूको नाश हुने कुरा जान्दछन् । आयुर्वेदमा सूर्यस्नान वा धूपस्नान र सूर्यकिरण स्नानको महत्त्वबारे विशेष उल्लेख गरिएको पाइन्छ ।

भगवान् सूर्यदेवको एउटा ध्यानमा भनिएको छ कि सविता-मण्डलको मध्यमा रहनुहुने भगवान् सूर्यनारायण कमलपुष्पको आसनमा विराजमान हुनुहुन्छ । उहाँले केयूर (अङ्ग-बाजू) मकराकृत कुण्डल, किरीट र हार धारण गर्नुभएको छ । उहाँको शरीर स्वर्णिम कान्तिले शोभायमान रहेको छ हातमा शङ्ख तथा चक्र धारण गर्नुभएको छ–

ध्येयः सदा सवितृमण्डलमध्यवर्ती
नारायणः सरसिजासन सन्निविष्ठः ।
केयूरवान् मकरकुण्डलवान् किरीटि
हारी हिरण्मयवपुर्धृतशङ्खचक्रः ।।

मनुष्यमात्रले श्रीसूर्यनारायणदेवको नित्य आराधना गर्नु श्रेयस्कर मानिएको छ । श्रीसूर्यलाई प्रातः जलार्घ्य या दूधको अर्घ्य, रातो फूल, रातो चन्दन र राता अक्षता बढ़ी उपयोगी मानिन्छ । आदित्यहृदयस्तोत्र या यस पुस्तकमा उल्लिखित जो कुनै स्तोत्रहरूको पाठ र रविवारको व्रत, नमस्कार, जलार्घ्य एवं सन्ध्योपासना श्रीसूर्यदेवताका अत्यन्त प्रिय छन् । अर्घ्य दिने प्रचलित मन्त्र यसप्रकार छ–

एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ।
अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ।।

(अर्थात् हजार किरणवाला, तेजका अनन्त राशिरूप जगत्का स्वामी हे सूर्यदेव ! हजुर मेरा समीप आइदिनुहोस्, हे दिवाकर ! ममाथि कृपा गरी मद्वारा भक्तिपूर्वक प्रदान गरिएको यस अर्घ्यलाई स्वीकार गर्नुहोस् !)

श्रीसूर्यदेवलाई भगवान्ले आफ्नो स्वरूप बताउनु भएको छ । श्रीसूर्यदेव नवग्रहहरूका अधिपति हुनुहुन्छ । उहाँको प्रिय रत्न माणिक हो । प्रकृतिविज्ञान, खगोलविज्ञान, ज्योतिषविज्ञानमा सूर्य प्रमुख ग्रह मानिनु हुन्छ । ज्योतिषमा सूर्यलाई आत्मकारक, आत्मबलदायक ग्रह मानिएको छ ।

बाह्रओटा राशिहरूमा मेष राशि नै उहाँको उच्च राशि र सिंह राशि स्वगृही हुन्छ । हिजोआज ज्योतिष विज्ञानमा लग्नकुण्डली चन्द्रकुण्डली झैं सुदर्शन चक्रमा सूर्य कुण्डली पनि बनाउने गरेको पाइएको छ ।

आकाशमा सूर्यको विभिन्न स्थानमा स्थितिको भिन्न-भिन्न महत्व छन् । उत्तरायण भएका सूर्यको विशेष महत्व छ । इच्छा मृत्युको शक्ति सम्पन्न भीष्मआदिले यही कुरालाई ध्यानमा राखि बड़ो कष्टपूर्ण समय बिताई उत्तरायणकै प्रतीक्षामा बसेका थिए ।

सूर्यग्रहण र सङ्क्रान्तिको पर्व धर्मशास्त्रीय व्रत-पर्व-उत्सवमा स्नान दानादि कर्मका लागि विशेष महत्त्वको मानिएको छ । मकरसङ्क्रान्ति त मुख्य धार्मिक पर्व नै हो ।

भगवान् सूर्यदेवको एक प्रार्थनामा भनिएको छ :

ॐ विश्वानि देव सवितर्दुरितानि परासुव । यद्भद्रं तन्न आसुव ।।

(ऋ० ५/८२/५, शुक्लयजु० ३०/३)

(समस्त संसारलाई उत्पन्न गर्नेवाला, सृष्टि, पालन र संहार गर्नेवाला अर्थात् विश्वमा सर्वाधिक देदीप्यमान एवं जगत्का शुभकर्ममा प्रवृत्त गराउनेवाला हे परब्रह्मस्वरूप सवितादेव ! हजुर हाम्रा आधिभौतिक, आधिदैविक एवं आध्यात्मिक यी तीन तापहरू हामीबाट धेरै टाढ़ा लैजानुहोस्– तीनतापहरू हटाइदिनुहोस् ! अनि जो कल्याणकारक, श्रेयस्कर र मङ्गलमय छ, ती विषय विश्वका समस्त प्राणिहरूका लागि चारैतिरबाट राम्ररी पुर्‍याइदिनुहोस् ।)

यसरी सम्पूर्ण ऋषिमुनि, यक्ष, गन्धर्व, किन्नर र देवादिद्वारा अत्यधिकरूपमा आराधना, प्रार्थना, स्तुति-वन्दना गरिने देवताहरूमा श्रीसूर्यभगवान् नै हुनुहुन्छ । हुन त हिन्दूधर्ममा ३३ करोड़ देवी-देवताहरू भएको प्रसङ्ग आउँछ र मानिसहरूले आ-आफ्नो धर्म-संस्कृति, मत-सम्प्रदायमा आबद्ध व्यक्तिहरूद्वाआ आ-आफ्नै कुल-परम्पराअनुसार उपयुक्त देवी-देवताहरूमा आस्था राख्ने गरेको पाइन्छ पनि । तथापि सर्वव्यापक निर्गुण-निराकार ब्रह्म अनुभवगम्य छ । उहाँको हामीले प्रत्यक्ष दर्शन गर्न-देख्न सक्दैनौं । तर उहाँको साकाररूप सूर्यलाई नित्य आकाशमण्डलमा देख्न सक्दछौं । सूर्य परम प्रकाश अव्यक्त ब्रह्मको प्रत्यक्ष प्रमाण हुन् । शतपथब्राह्मण (७/४/१/१४)मा भनिएको छ कि 'असौ वा आदित्यो

ब्रह्म अहरहः पुरस्ताज्जायते' अर्थात् यी आदित्य सूर्यब्रह्म प्रतिदिन हाम्रै सामुन्ने प्रकट हुनुहुन्छ । मतलब यही हो कि व्यापक अमूर्त ब्रह्म नै मूर्त सूर्यका रूपमा हरेक दिन बिहान सबका समक्ष उदाउनुहुन्छ । प्रश्नोपनिषद् १/८मा भनिएको छ कि '**प्राणः प्रजानामुदयत्येष: सूर्यः**' । अर्थात् प्रजाहरूका प्राणरूप यिनै सूर्य उदाइरहनुभएको छ । प्राणीमात्रको चेष्टा सूर्योदयबाटै हुन्छ । यसकारण श्रुतिमा सूर्यलाई चराचर जगत्का आत्मा भनिएको छ– **सूर्य आत्मा जगतस्तस्थुषश्च** (शुक्ल यजुर्वेद ७/४२) । सूर्यबाटै जगत्को सृष्टि, स्थिति र लय हुन्छ । यसको सूर्योपनिषद्मा यसरी उल्लेख गरिएको छ–

सूर्याद्भवन्ति भूतानि सूर्येण पालितानि तु ।
सूर्योलयं प्राप्नुवन्ति यः सूर्यः सोऽहमेव च ।।

जो सूर्य हो, त्यही म नै हुँ । यस भनाइबाट आत्मरूप सूर्यबाट ब्रह्मको उपासना हुने कुरा स्पष्ट हुन्छ ।

तैत्तिरीयोपनिषद् (१/५/१)मा भनिएको छ कि '**आदित्येन वाव सर्वे लोका महीयन्ते**' अर्थात् भूः भुवः स्वः यी व्याहृतिहरू, पृथ्वी, अन्तरिक्ष तथा स्वर्गलोकका नामले प्रख्यात् छन् । यसभन्दा माथि एक चौथो व्याहृति 'महः' छ, जसको अधिष्ठाता सूर्य हुन् । यसैबाट तीनै लोकहरूको महत्ता अझ बढ्न गएको छ । महर्लोक सातलोकको बीचमा छ । सबभन्दा सुरुको भूर्भुवः स्वः र सबभन्दा माथिको जनः तपः सत्यम्को बीचमा दिनमणि रूप महर्लोकबाट सबै लोक प्रभावित छन् ।

सूर्यको ब्रह्मरूपका निर्देश शतपथब्राह्मणमा धेरैपटक भएको छ । जस्तो कि '**असौ वा आदित्यो ब्रह्म असौ वा आदित्यो बृहज्ज्योतिः । (६/३/१/१५), असौ वा आदित्यः सूर्यः (९/४/२/२३) असौ सूर्यो वै सर्वेषां देवानामात्मा ।**' यसप्रकार सूर्यविषयक अनेक सूक्तिहरू-द्वारा सूर्यको महत्त्वबारे उल्लेख गर्दै यो पनि भनिएको छ कि, '**आदित्य-स्त्वेवसर्व ऋतवः । यदैवोदेऽत्पथ वसन्तो यद्वा सङ्गवोऽथ ग्रीष्मो यदा मध्यन्दिनोऽथ वर्षा यदापराह्णेऽथ शरद्यदैवस्तमेत्यथ हेमन्तः । तर्हि एषः अस्य लोकस्य नेदिष्ठम अन्तिकतमो भवति ।।**'

यसको आशय यो हो कि सूर्यको सत्ताले नै वसन्त, ग्रीष्म आदि ऋतुहरू प्रतिदिन अनुभूत हुन्छ । सूर्योदयबाट दुई घण्टा चौबीस मिनटसम्म

वसन्त ऋतु, यसपछि बिहानको ६ घड़ी दिन चढुञ्जेल– गोदोहनकाल[१] सम्म ग्रीष्म त्यसपछि क्रमशः वर्षा, शरद् र हेमन्त– यी पाँच ऋतुहरूको सङ्क्रमण काल हुन्छ । यसरी दिनमा बाह्रघण्टामा यी पाँच ऋतुहरूको विभाग छ जो कि सूर्यकै कारणबाट हुन्छ । सूर्यको अत्यन्त कड़ा किरणहरूको अनुभव हामीलाई मध्याह्नमा नै किन हुन्छ ? यसको कारण यही हो कि त्यस समय पृथ्वीको त्यस स्थानमा सूर्यका किरणहरू लम्बवत् पर्दछन् र त्यस स्थानबाट सूर्यको दूरी निकटतम रहन्छ । सूर्य किरणका तापहरूमा घट-बढ हुने कारण समयानुसार सूर्यकिरणहरूमा तीव्रताको ठूलो घट-बढ होइन, सूर्य त सामान्यतः सधैं एकैनाश समान रूप हुन्छ त्यसमा साधारणतया घटी-बढी हुँदैन । भन्न खोजेको के भने अमूर्त, सर्वव्यापक, परमप्रकाश ब्रह्मको मूर्तरूप सूर्य पनि ब्रह्म नै हो । मैत्रायण्युपनिषद् ५/३ मा मूर्त र अमूर्तरूपद्वारा ब्रह्मको निर्देश यसरी गरिएको छ– द्वे वाव ब्रह्मणो रूपे मूर्तं चामूर्तम् । यो विश्वब्रह्माण्ड अमूर्त निराकार ब्रह्मको मूर्तरूप हो । यसमा ज्योतिरूप मूर्त सूर्य हो । यसबाहेक अर्को दृश्य-ब्रह्म कुनै छैन ।

सूर्यको उपासना गर्नु भनेको सगुण ब्रह्मको आराधना गर्नु हो । वैज्ञानिकहरूको मान्यताका अनुसार सूर्यलाई संसारमा उज्यालो फैलाउने हाम्रो सौरमण्डलको सबैभन्दा ठूलो गोलाकार रूपमा आकाशमा रहेको एक ताराको रूपमा लिइएको छ । यो पृथ्वीबाट सबैभन्दा नजीकको यस किसिमको तारा हो । यसको व्यास पृथ्वीभन्दा अन्दाजि १०९ गुना ठूलो छ । तौलको दृष्टिकोणले पृथ्वीभन्दा यो ३ लाख ३३ हजार गुणा बढ़ी गह्रौं छ । यो असाध्यै तातो छ । यसको तापक्रम बाहिरी सतहमा ६०००°से. भएको अनुमान गरिन्छ । सूर्यको व्यास १.४×१०^{५} कि.मी. छ । सूर्य पृथ्वीबाट झण्डै ९ करोड़ ७० लाख मील अर्थात् १५ करोड़ किलोमीटर टाढ़ा छ । सूर्यबाट पृथ्वीमा प्रकाश आईपुग्न ८ मिनेट १८-२० सेकेण्ड जति समय लाग्दछ (प्रकाशको गति ३००००० कि.मी. प्रति सेकेण्ड रहन्छ) ।

---

१. गाई दुहुँदा लाग्ने समय अथवा एक मुहूर्तको आठौं भागलाई गोदोहनकाल भनिन्छ । यसै गरी गोधूलिकाल हेमन्त र शिशिरऋतुमा सूर्यास्तका समयमा सूर्य तेजोहीन भएर रातो डल्लोजस्तो देखिएपछि, बसन्त र ग्रीष्म ऋतुमा सूर्य आधा अस्ताए पछि, वर्षा र शरद ऋतुमा सूर्य सबै अस्ताए पछि गोधूलिकाल आरम्भ हुन्छ । गोधूलिकाल दुई घड़ीसम्म मात्र मानिन्छ ।

सूर्य हाइड्रोजन, हिलियम, ऑक्सीजन, नाइट्रोजन, फलाम, कार्बन, मैग्नीशियम, अल्मुनियम आति तत्त्वहरू मिलेर बनेको अनुमान छ । तर यसमा हाइड्रोजनको मात्रा अरूको तुलनमा अत्यन्त बढ़ी छ । सूर्यको अत्यधिक तापक्रमको ऊर्जाले यहाँका हाइड्रोजनका परमाणुहरूको नाभिक आपसको संलयनले हिलियमको नाभिकमा परिवर्तित भैराखेको हुन्छ । यस प्रक्रियामा ठूलो मात्रामा ऊर्जाको उत्सर्जन हुन्छ तथा भयङ्कर ताप, प्रकाश र विकिरणका अनेक मात्राको पनि उत्सर्जन हुन्छ । सूर्यलाई हेर्दा यो शान्त र चहकिलो देखिन्छ, तर वास्तवमा यसको सतह शान्त र स्थिर नभई अत्यन्त आँधिलो छ । यसमा तातो गैसका आँधीका मुस्लाहरू उठिरहेका हुन्छन् । कहिले-काहिं त यी मुस्ला सूर्यको सतहबाट चार लाख कि.मी. माथि आकाशसम्म उठ्छन् । यस्तो आँधीहरू उठ्दा सूर्यको सतहमा कहिं कहिं ताप परिवर्तन हुन्छ र त्यसमा यी काला धब्बाहरूको रूपमा देखिन्छ ।

मानवको लागि मूर्तरूप र दृश्य पदार्थमा सबैभन्दा ठूलो प्रकाशपुञ्ज र ज्योतिष्मान् भनेकै सूर्य हुन् । वेदमा सूर्यलाई 'सविता' अर्थात् जन्म दिने शब्दद्वारा बोध गराइएको छ । त्यहाँ सूर्यले हाम्रो सुबुद्धिको लागि प्रेरणा दिउन् भन्ने प्रार्थना गरिएको छ । हेर्दा ठूलो देखिए पनि यसलाई उत्तरी ध्रुवतारा जति टाढ़ा राख्ने भए पृथ्वीबाट हेर्न सकिने छैन । यस सूर्यको प्रचण्ड शक्तिको अत्यल्प भाग लगभग २२० करोड़ भागको एक भाग मात्र पृथ्वीमा आइपुग्छ । वास्तवमा सूर्यबाट ठीक सामुन्ने पर्ने १ वर्गमीटर क्षेत्रमा १ सेकेण्डमा १.४ किलोवाट बराबरको शक्ति प्राप्त हुन्छ । वैज्ञानिकहरूले सूर्यबाट प्रति सेकेण्ड ३७ × १०२३ किलोवाट शक्ति निस्कन्छ भनेका छन् । केवल ३ मिनटमा निस्केको शक्ति पृथ्वीमा प्रयोग गर्न सके पृथ्वीका सबै यान्त्रिक कार्य एक वर्षसम्म निर्बाधरूपले चलाउन सकिने हुन्छ ।

यही सूर्यको ऊर्जाको एउटा सानो अंशले गर्दा नै समुद्र आदि जलाशयहरूबाट बाफ उडेर बादल भई वर्षा हुन्छ । भूगर्भशास्त्रीहरू र अरू वैज्ञानिकहरूको मतमा हाम्रो यो पृथ्वी चारसय करोड़देखि पाँच सय करोड़ वर्षसम्म पुरानो हुनुपर्छ भन्ने छ । त्यसैले सूर्यको अस्तित्व निश्चय नै योभन्दा पनि पुरातन हुनु पर्दछ ।

वैज्ञानिकहरूका अनुसार सूर्यका सात रंग (किरण) हरूमा बैजनी (भेण्टा रंग), आकाशे रंग, नीलो रंग, हरियो, पहेंलो, नारंगी रंग (सुन्तले रंग) र रातो रंग भएको बताइएको छ । प्रिज्म (शीशाको एक आकार विशेषको टुक्रो) बाट हेर्दा यी सातै रंगहरू बेग्ला-बेग्लै देखा पर्दछन् । सूर्यका उपरोक्त सातै रंग इन्द्रधनुषमा पनि मिल्दछन् । यिनै सात रंगको मिश्रणले घाम बन्दछ, जसलाई सेतो प्रकाश पनि भन्दछन् । सम्भवतः सूर्यका मुख्य सात ज्योति (किरण) हरू नै सात घोड़ा हुन् र यी सातै एक भएर अगाड़ि बढ्नु नै रथको एउटा मात्र पाङ्ग्राको सङ्केत हो । तर कतै-कतै यी सातै घोड़ाहरूलाई सप्तवारका रूपमा पनि लिने गरेको पाइन्छ । त्यसैले सूर्यका साता घोड़ा या सप्तवार वा सप्तकिरणहरूको बारेमा भनिएको कुराहरू प्रति विमति जानु पर्ने कुनै कारण देखिंदैन ।

सूर्यको कर्मठता अनुकरणीय छ, उनको काम कहिल्यै रोकिंदैन (उनको रथ कहिल्यै रोकिंदैन) । नियमितरूपमा बिना विश्राम सृष्टिको काम यसैको आधारबाट चलिराखेको हुन्छ ।

पुराणादिमा सूर्यको अर्को नाम विवस्वान् पनि भनिएको मतहरू प्रशस्त पाइन्छन् । श्रीसूर्यसहस्रनामस्तोत्रको ३९औं श्लोकमा विवस्वान् भानुमान् कार्यः .... । भनेर उल्लेख गरिएको छ । यिनका धेरै पत्नीहरूमध्ये संज्ञा नामकी पत्नी प्रधान मानिन्छिन् । जो कि विश्वकर्माकी छोरी थिइन् । यिनकी पत्नीहरू संज्ञा र तिनैको प्रतिरूप छायाबाट जन्मिएका छोरा-छोरीहरूका नाम पूर्वमा उल्लेख गरिसकिएको छ । कपिराज सुग्रीव र कर्ण पनि यिनै सूर्यका प्रसादले नै जन्मिएका हुन् पक्षिराज गरुडका दाजु र सुपर्णा अर्थात् विनताको गर्भबाट उत्पन्न अरुण सूर्यका सारथि हुन् । यी अरुण लँगडो भएको अनुमान गरिन्छ । सम्भवतः यसैकारण सूर्यका सारथि अरुण रथ छोडेर कहिले कहिं पनि जाँदैनथे । सूर्यको उपासनाको उल्लेख मेक्सिकोका माया जातिहरूको सभ्यतामा पनि पाइन्छ । जहाँका राजदरबार र मन्दिरहरूका प्रवेशद्वारहरूमा सूर्यका चित्रहरू अङ्कित गरिएको पाइन्छ ।

अतः जो व्यक्ति श्रीसूर्यनारायण भगवान्को श्रद्धाभक्तिपूर्वक आराधना गर्दछ, उसलाई भुक्ति-मुक्ति दुवै अवश्य उपलब्ध हुन्छ भनेर शास्त्रहरूले निश्चयपूर्वक भनेका छन् ।

तसर्थ हामीले भगवान् सूर्यको यसरी प्रार्थना गर्नुपर्छ– 'हे भगवन् ! हामी हजुरको कृपाले निरोग भैरहेका छौं । शक्ति प्राप्त गरिरहेका छौं । हजुरका कृपाले हामी सदैव पूर्ण स्वस्थ रहने छौं । यसबाट हाम्रो मनमा शुभ शिवसङ्कल्प हुनेछ । शुभ तरङ्ग मनमा उब्जने छ । हाम्रो जीवन सुन्दर बन्ने छ ।' मनोविज्ञानको नियम पनि यही छ कि जस्तो हामी सोच्दछौं, त्यसका तरङ्गका प्रभावले त्यस्तै नै बन्न पुग्दछौं । जे-जस्तो विचार गर्दछौं, त्यही विचार फर्केर (चारैतिरबाट परावर्तित भएर) हामीमा नै आउने छ । अत; उपरोक्त सूर्यप्रति उपरोक्त रीतिले गरिएको प्रार्थना कैयौं गुना अस कारक भई पुनः हामीमाथि प्रसाद स्वरूप बर्सिन्छ ।

मानिसले सदैव शुभप्रेरणादायी मङ्गल-विचार नै समाजमा वितरित गर्नुपर्दछ । शाश्वत नियम यही हो कि जस्तो बिउ हामी रोप्छौं त्यही अनुसारको फल प्राप्त गर्नेछौं । हाम्रो भित्री शुभ विचारले नै हामीलाई जाग्रत र चैतन्य बनाइदिन्छ । अनि मात्र हामी सत्-चित्-आनन्दको अनुभवको अधिकारी हुनेछौं । वर्तमानमा सुध्रियौं भने यस लोकमा सुयश र परलोकमा सद्गति प्राप्त हुन जानेछ । हाम्रो आचरण दिव्य र अलौकिक बन्ने छ । हाम्रो सङ्कल्प दृढ हुनेछ ।

हे श्रीसूर्यनारायण भगवान् ! हजुर यस लोकमा नित्य अवतरित भएर अमृतको दान दिनेवाला हुनुहुन्छ । हजुरलाई कोटिशः नमस्कार छ– ॐ असतो मा सद् गमय । तमसो मा ज्योतिर्गमय । मृत्योर्मा अमृतं गमय ।।

सूर्य उपासना किन ?

हिन्दूहरूका परम आराध्यदेव तथा पाञ्चायन देवता मध्येका प्रमुख भगवान् सूर्य परमात्मा नारायणका साक्षात् प्रतीक हुनुहुन्छ । यसकारण उहाँ सूर्यनारायणका नामले पनि पुकारिनुहुन्छ । वास्तविकतामा भन्ने हो भने भगवान् सूर्य नै प्रकट र प्रत्यक्ष देवता हुनुहुन्छ र समस्त चराचर प्राणीहरूको आधार पनि हुनुहुन्छ, आज विज्ञानले पनि यस सत्यलाई प्रमाणित र प्रतिष्ठित गरीसकेको छ । यसकारण द्विजातिहरूद्वारा गरिने त्रिकालसन्ध्यामा भगवान् नारायणको सूर्यरूपको नै आराधना गरिन्छ । यथा–

उदये ब्रह्मणो रूपं मध्याह्नं तु महेश्वर ।
अस्तकाले स्वयं विष्णुस्त्रिमूर्तिश्च दिवाकरः ।।

श्रीसूर्यदेवको उपासनाले मानिस आफ्नै आदिस्रोत र शक्तिपुञ्जसाथ नाता जोड्दछ र जसले गर्दा मानिसमा तेज, बल, आयु आरोग्य र नेत्रज्योतिको वृद्धिका साथै परमात्मस्वरूपमा स्थिरता पनि प्राप्त हुन्छ । यी कुरा विभिन्न शास्त्रहरूमा उल्लिखित छन् । सूर्यको अवतरण संसारमा समस्त चराचर प्राणीहरूको कल्याणका लागि नै भएको हो, उहाँले नै सबैमा चेतनाको सञ्चार गर्नुहुन्छ र चराचर जगत्को भौतिकरूप पनि उहाँकै दयामा धानिन्छ, तसर्थ सम्पूर्ण विश्वमाथि कृपा गर्नु नै उहाँको स्वभाव हो भन्नमा अत्युक्ति हुने छैन ।

आफ्ना भक्तहरू र उपासकहरूप्रति उहाँको विशेष कृपा, करुणा र प्रीति रहन्छ । पञ्चदेव उपासनामा त झन् उहाँको विशिष्ट स्थान छ । भगवान् सूर्यदेवले सबैप्रकारका अकल्याण र अमङ्गलहरूको विनाश गरेर कल्याण र मङ्गल प्रदान गर्नुहुने भएकोले उहाँको प्रार्थना गर्ने गरिन्छ–

ॐ विश्वानि देव सवितुर्दुरितानि परा सुव । यद् भद्रं तन्न आ सुव ।।

तथा; (हे सहस्रकिरणवाला द्वादशात्मा भगवान् सूर्य! हामीहरूलाई असत्यबाट सत्यतर्फ, अन्धकारबाट उज्यालोतर्फ र मृत्युबाट अमृततर्फ लैजानुहोस)–

ॐ असतो मा सद् गमय । तमसो मा ज्योतिर्गमय । मृत्योर्माऽमृतं गमय ।।

उहाँको अनुग्रह प्राप्त भयो भने मानिस रोग-व्याधि आदि केही नभएर लामो आयुसम्म बाँच्न समर्थ हुन्छ । यसै कारण सन्ध्यावन्दनको अवसरमा समेत भगवान् सूर्यको स्तुति गरिएको छ :

ॐ तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् पश्यमे शरदः शतं जीवेम शरदः शत ꣳ श्रृणुयाम शरदः शतं प्रब्रवाम शरदः शतमदीनाः श्याम शरदः शतम्भूयश्च शरदः शतात् ।

भगवान् सूर्यको उपासनाले बुद्धि अत्यन्त निर्मल भएर जान्छ, अन्तःकरण पवित्र भएर जान्छ र उपासक (साधक) भगवत्प्राप्तिको लागि अधिकारी (योग्य) हुन जान्छ । यसैकारण गायत्री मन्त्रमा पनि उहाँसँग सद्बुद्धिको लागि नै प्रार्थना गरिएको छ :

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गोदेवस्य धीमही । धियो यो नः प्रचोदयात् ।।

वैदिक मन्त्रहरूका द्रष्टा सबै ऋषि-महर्षिहरू भगवान् आदित्य(सूर्य)को उपासनाले नै आर्ष-मेधा र अध्यात्मज्ञानले सुसम्पन्न भएका थिए । भगवान् सूर्य निष्ठापूर्वक गरिएको थोरै उपासनाले मात्र पनि प्रसन्न भएर भक्तहरूलाई आफ्नो महनीय कृपा र कल्याण प्रदान गर्नुहुन्छ । उहाँको आराधनाले धेरै जनाहरूको उद्धार भएको उदाहरणहरू हामीले पुराणका कथाहरूमा सुन्दै आएका पनि छौं । भगवान् सूर्यको स्तोत्र, वन्दन, महिमा, वर्णन वा मन्त्रहरूको उल्लेख नगरिएको धार्मिक ग्रन्थहरू पाउन सम्भवतः दुर्लभै होला । उपनिषद्को ऋषिहरूले पनि भगवान् सूर्यकै कृपा पाएका थिए । उपनिषद्मा वर्णित मधुविद्या, ब्रह्मविद्या, दहरविद्या, उपकोशलविद्या आदि पनि भगवान् सूर्यकै उपासनाका देन हुन् ।

भगवान् सूर्यलाई 'गुरु' पनि भनिन्छ । श्री हनुमान्जीले उहाँबाट नै शिक्षा लिनु भएको थियो । उहाँकै कृपाले महायोगी याज्ञवल्क्यले ब्रह्मविद्या र चाक्षुष्मती विद्याको ज्ञान प्राप्त गर्नुभएको थियो । भगवान् श्रीरामले आदित्यहृदय स्तोत्रको पाठ गरेर नै रावणमाथि विजय प्राप्त गर्नु भएको थियो । कुष्ठरोगले पीड़ित मयूरकविले श्रीसूर्यशतकको श्लोक रचना गरेर त्यस महारोगबाट छुटकारा पाएका थिए । वनवासका सङ्कष्टकालमा द्रौपदीले श्रीसूर्यबाट चिन्तामणि जस्तो 'अक्षय पाक पात्र' प्राप्त गरेकी

थिइन् । भगवान् श्रीकृष्णका छोरा साम्बले त झन् श्रीसूर्यको उपासना गरेर चमत्कारै हासेल गरेका थिए । शास्त्रहरू हेर्दा यस्ता अनेकौं आख्यान छरिएर रहेका पाइन्छन् ।

श्रीसूर्यको उपासनाको क्रममा अर्घ्यदानको पनि विशेष महत्व छ । उपासकले प्रातःकालमा स्नानोपरान्त ताम्रपात्रमा जल, श्रीखण्डादि सुगन्ध मिश्रित रक्तचन्दन, रातो फूल राखेर प्रसन्न मनले प्रत्येक दिन श्रीसूर्यको मन्त्रः

एहि सूर्य सहस्रांशो तेजोराशि जगत्पते ।
अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ।।

पढ्दै सूर्यलाई अर्घ्य दिनाले भगवान् श्रीसूर्य प्रसन्न भएर उपासकलाई आयु, आरोग्य, धन-धान्य, पुत्र, मित्र, बन्धु-बान्धव, तेज, वीर्य(शौर्य), यश, कान्ति, विद्या, ब्रह्मत्त्वस्मृति, वैभव र सौभाग्य आदिद्वारा सुसम्पन्न गराउनु हुन्छ । शुद्ध जलको अभावमा केवल भक्तिपूर्वक नमस्कार-प्रणाममात्र भए पनि गर्नु परम कल्याणकारक छ, 'नमस्कार प्रियो भानुः' । साथै यो गूढ कुरो पनि विचारणीय छ कि अरू देवी-देवादिहरूको ध्यान, अर्चना, स्वरूप-कल्पना मूर्ति वा प्रतिमादिमा मात्र गरिन्छ भने श्रीसूर्यनारायणको प्रत्यक्ष दर्शन र ध्यान सुलभ छ । भगवान् श्रीसूर्य अत्यन्त उपकारक र दयालु हुनुहुन्छ र आफ्ना उपासकहरूलाई अन्तमा मुक्ति पनि सहज र सुलभ गराइदिनुहुन्छ भन्ने कुरा शास्त्रहरूमा उल्लेख गरिएको छ । भगवान् श्रीसूर्य भगवत्-शक्तिका साक्षात् द्योतक, ग्रहहरूका अधीश्वर तथा काल (समय) का विभाजक हुनुहुन्छ । उनको उदय उपरान्त दिन र अस्तपछि रात्रि हुन्छ । भारतवर्ष (भारत र नेपाल) का शिक्षित-अशिक्षित, गाउँले वा शहरिया, सबै नै श्रीसूर्यको व्रतका विधानले सामान्यतः परम्परागत रूपमा परिचित छन् । साथै जसमा भगवान्प्रति आस्था छ, उनीहरू भगवान् श्रीसूर्यलाई सम्पूर्ण भगवत्-शक्तिको प्रत्यक्ष स्रोत र स्वरूप सम्झेर उनको व्रत एवं स्तोत्र पाठ गर्दछन् ।

जस्तो वाल्मीकि रामायणमा रहेको 'आदित्यहृदय स्तोत्र'को पाठ गर्नाले मानिस रोगरहित तथा दीर्घजीवी हुन पुग्दछ तथा शत्रुहरूको पनि शमन हुन्छ । सम्पूर्ण किसिमका रक्तविकारहरू तथा कुष्ठादि रोगहरू पनि रविवारको व्रतले क्रमशः हट्दै जान्छन् । यस व्रतको प्रभावले रोगहरू मात्र

होइनन् कि व्रत गर्ने मानिसका शत्रुहरूको मति पनि सप्रँदै जान्छ र उस्तै परे शत्रुहरूको नाश हुने बताइएको छ । यस आदित्यहृदय स्तोत्रकै निम्नाङ्कित श्लोकमा भगवान् श्रीसूर्यलाई शत्रुघ्न भनिएको छ । यसबाट यो प्रमाणित हुन आउँछ कि भगवान् श्रीसूर्य व्रतीका शत्रुहरूको पनि नाश गर्नुहुन्छ ।

तमोघ्नाय हिमघ्नाय शत्रुघ्नायामितात्मने ।
कृतघ्नघ्नाय देवाय ज्योतिषां पतये नमः ।। –(वा०रा०६/१०५/२०)

अर्थात् अन्धकार, शीत, शत्रु र कृतघ्नका नाशक, विशाल (उदार) आत्मावाला एवं ज्योतिका अधीश्वर देवताका लागि नमस्कार (प्रणाम) छ ।

यस सम्बन्धमा रामायणमा यस्तो प्रसङ्ग पनि उल्लेख गरिएको छ कि– रावणका साथ रामको युद्ध भइरहँदा भगवान रामलाई महर्षि अगस्तिले उपदेश दिंदै भन्नुभयो : श्रीराम ! हजुर सम्पूर्ण शत्रुहरूको नाश गर्नेवाला भगवान् श्रीसूर्यको पूजा, जप र आदित्यहृदयको पाठ र उहाँकै ध्यान गर्नुहोस् । उहाँ नै ब्रह्मा, विष्णु, शिव र प्रजापति (प्रजाका पति) हुनुहुन्छ । उहाँ नै सर्वशोक निवारक र सम्पूर्ण चिन्ताका नाशक हुनुहुन्छ । भगवान् श्रीसूर्यनारायणको पूजा गर्नाले हजुर शत्रुहरूमाथि विजय प्राप्त गर्न सक्नुहुनेछ । श्रीरामले महर्षिको यो उपदेश स्वीकार गरी र महर्षि अगस्त्यले भने अनुसारकै आचरण यद्वा जप, पूजा, पाठ गर्नु भयो र त्यसको परिणाम स्वरूप रावण जस्ता पराक्रमी, व्रती र घोर शत्रुमाथि विजय प्राप्त गर्नुभयो ।

यसबाट यो स्पष्ट हुन आउँछ कि भगवान् श्रीसूर्यको पूजा केवल रोगहरूको नाश गर्ने मात्र नभई शत्रुहरूको मति सपार्न (शत्रु र शत्रुताको नाश गर्न) र सुख-सम्पत्ति र ऐश्वर्य वृद्धि गर्न र त्रैलौक्य विजय समेत प्राप्य हुनाले सबैले यो व्रत गर्न उपयुक्त र फलदायक देखिन्छ ।

प्रत्येक वेद मन्त्रको 'देवता' हुन्छ । जसको शक्तिले नै त्यो मन्त्र सिद्ध एवं फलित हुन जान्छ । गायत्री महामन्त्रका देवता 'सविता' हुन् । 'तत् सवितु:' यस आरम्भिक वाक्यांशमा पनि उनै 'सविता'को उल्लेख गर्दै उनै सूर्यको ध्यान र धारणा गर्नका लागि निर्देशन गरिएको छ । गायत्रीको शक्ति यिनै सविता देवतामाथि नै अवलम्बित छ ।

'सविता'लाई 'सूर्य' पनि भनिन्छ । अर्थात् सूर्यको अर्को नाम 'सविता' हो । गायत्रीलाई एक प्रकारले सूर्यको मन्त्र पनि भनिएको छ ।

'पुनातु मां तत्सवितुर्वरेण्यम्' यस पदले अन्त हुने स्तोत्रमा सूर्य देवताको नै स्तवन गरिएको छ । यसकारण कतिपय उपासकहरू सूर्यको आराधनाको लागि गायत्री मन्त्रको नै उपयोग गर्दछन् । गायत्रीलाई माताको रूपमा मात्रे साधकहरू पनि उनलाई 'सूर्यमण्डल मध्यस्था' अर्थात् सूर्यमण्डलका मध्य रहनुभएकी मातृदेवीकै रूपमा ध्यान गर्दछन् । जुनसुकै रूपमा गायत्री मन्त्रको उपासना किन नगरियोस् ? तापनि सूर्यसँग उनको सम्बन्ध अविच्छिन्न र अनिवार्य रूपमा राख्नुनै पर्ने हुन्छ । जब गायत्रीका देवता भगवान् श्रीसूर्य नै हुनुहुन्छ त उहाँको स्वरूप साथमै हुनु अस्वाभाविक होइन पनि ।

स्थूल विज्ञानको दृष्टिले सूर्य एक अग्निपिण्ड हो । जो आकाशमा रहेका अनन्त आकाशगङ्गा परिवारहरूका एक आकाशगङ्गाका लगभग डेढ़ अरब ताराहरूमध्ये मात्र एक सानो तारा हो । यसको व्यास लगभग नौ लाख मील अर्थात् पृथ्वीभन्दा अन्दाजी ११० गुना ठूलो छ । उसको परिवार मा ९वटा ग्रहहरू छन् र प्रत्येक ग्रहका पनि अनेकौं उपग्रहहरू छन् । यसका अतिरिक्त हजारौं सा-साना ग्रह तथा ग्रहिकाहरू एवं अगणित धूमकेतु, पुच्छ्रेताराहरू पनि यस सौर परिवारमा सम्मिलित छन् । ती सबै सूर्यको प्रबल गुरुत्वाकर्षण शक्तिले गर्दा त्यसको परिक्रमा गर्दै रहन्छन् । र यो समस्त परिवार साथ सूर्य आकाशगङ्गाको कुनै अज्ञात बिन्दुको परिक्रमा गर्दछ । यसरी एक परिक्रमा पूरा गर्दा त्यसलाई २५ करोड वर्ष लाग्दछ । ज्योतिषीहरूको अनुमान छ कि सूर्यको उत्पत्ति भएदेखि आजसम्म सोह्रपटक यस्तो परिक्रमा भइसकेको छ ।

विज्ञानले अहिलेसम्म सूर्यका सम्बन्धमा यस्ता अनेकौं जानकारीहरू एकत्रित गर्न सकेको छ भने, किरणहरूद्वारा सप्तरङ्ग, विद्युत प्रवाह र आणविक विकिरणहरूको पनि केही हदसम्म पत्ता लगाउन सकेको छ । यस क्रममा अरू पनि धेरै कुराहरूको जानकारी गर्न थालिएको छ ।

तर पनि यी सबै सूर्यका स्थूल रूपको मात्र परिचय हो भनी भन्न सकिन्छ । मानिसको बाहिरी आवरणको मात्र परिचय पाउनुभन्दा पनि उसका विद्या, बुद्धि, गुण, कर्म, स्वभाव, प्रवृत्ति, भावना, चेतना एवं आत्माको बारेमा जानकारी प्राप्त गर्नु आवश्यक हुन्छ । केवल शरीर मात्रैको विश्लेषणको आधारमा प्राप्त परिचय अधुरो नै हुन जान्छ । यसर्थ सूर्यको आत्माको बारेमा पनि जानकारी हुनु आवश्यक हुन आउँछ ।

एउटा अनन्त चैतन्य, जीवन्त र शक्तिको महासागर यस विश्वमा तरंगायित छ । जड़ प्रकृतिका परमाणु सङ्कुल, त्यस चेतन-सत्ताको तरङ्गले नै तरङ्गायित भएर गतिमान् भैरहेका छन् । जड़ पदार्थमा शक्ति वा चेतना छैन र हुँदैन पनि वा भए पनि एक सीमाभित्र अत्यल्प हुन्छ । जब प्रलय हुन्छ तब सम्पूर्ण चीजहरू गतिहीन भएर जान्छन् । यस्तै सूर्यको पनि आत्मिक र जीवनी शक्ति बेग्लै हुन्छ ।

सूर्यको गर्मी र ज्योति उसको स्थूल शक्ति हो । यसभित्र उसको एक जीवनी शक्ति पनि विद्यमान रहन्छ । साँच्चै भन्ने हो भने यस चराचर विश्वमा प्राणीहरूको उत्पत्ति, पोषण र संवर्धन सूर्यको त्यसै आत्मामा आधारित रहन्छ । हुन त ज्योति र गर्मी त यान्त्रिक तवरले पनि निर्मित गर्न सकिन्छ परन्तु त्यसले जीवन-स्पन्दनको आविर्भाव हुन सक्दैन । जबकि सूर्यको शक्तिमा पृथ्वीमा रहेको जीवनको कुञ्जी निहित छ । श्रुतिहरूमा सूर्यलाई संसारको आत्मा भनिएको छ । यसैआत्माको महाप्राणको अंश नै अल्प-प्राणको रूपमा नाना जीवनमा दृष्टिगोचर हुन जान्छ ।

परमसत्ताको ब्रह्म सङ्कल्पले नै यहीं महाप्राणको बाटो लिई पृथ्वीको जीवनलाई तरङ्गायित गर्दछ । साधकको लागि परमब्रह्मलाई चिन्नुमा यसको साधना अपरिहार्य हुन्छ । 'गय'को अर्थ प्राण हो र 'त्री' त्राण गर्ने वा उद्धार गर्ने वालालाई भन्दछन् । यसैले प्राणशक्तिको उद्धार र उत्थान गर्ने विद्यालाई गायत्री नामले सम्बोधन गर्दछन् । र यो गायत्रीको महामन्त्र आफ्नो देवता सविताद्वारा नै प्राणशक्तिले पूर्ण हुन्छ जसको अंशमात्र धारण गर्नाले नै साधक धन्य हुन्छ ।

जीवनको चतुर्दिक उत्थान, बाह्य र आन्तरिक सुसंगति, विकास र शान्तिको लागि परमसत्ताको प्राणशक्ति अधिकाधिकमात्रामा उपलब्ध गर्नु नै साधकहरूको लक्ष्य हुन्छ । यो प्रयोजन सिद्ध गर्नको लागि गायत्री मन्त्रद्वारा सविता देवताको उपासना (जो वास्तवमा सूर्यको आत्म शक्तिको उपासना हो) गर्नु पर्छ, र यसै मार्गद्वारा नै क्रमशः परब्रह्मको महाप्राणको प्रवाहसम्म पुग्न सकिन्छ । यस महाप्राणको अवतरणले नै मान्छेले हरप्रकारको सुख (शारीरिक, मानसिक वा आध्यात्मिक) र उत्थानको उपभोग गर्दछ । आरोग्य, आयुष्य, तेज, ओज, उत्साह, पुरुषार्थ र इन्द्रियको शक्ति आदि

पनि यसैमा अवलम्बित रहन्छ । यसैगरी मनका गुण, एकाग्रता, संयम, स्थिरता आदि र आत्मिक त्याग, तप, श्रद्धा, प्रेम र करुणा आदि गुणहरू पनि यसै महाप्राणद्वारा पोषित र संवर्धित हुन्छन् ।

यसरी बुझ्ने हो भने मानव शरीर र मानव आत्मामा जे भेद छ त्यही सूर्यको स्थूलरूप र सवितामा छ ।

योऽसावादित्ये पुरुषः सोऽसावहम् ।। (जो सूर्य हो उही म हूँ)

योऽसो तपन्नुदेति ससर्वेषा भूतानां प्राणानां दायोदेति ।। (श्रुति) (यिनै सूर्यले नै सबै प्राणीहरूलाई प्राण प्राप्त गराइदिनुहुन्छ ।

चारै वेदमा जे-जे छन् ती सबै सविता शक्तिको विवेचन मात्र हो । तप, श्रद्धा र साधनाद्वारा योगीजनहरू पनि यिनैलाई प्राप्त गर्न तल्लीन रहन्छन् । नाम रूप र सुविधा अनुसार जो जसलाई जुनरूपमा मानियोस् तापनि वस्तुतः सविता (सूर्य) देवता नै सबैको उपास्य हुनुहुन्छ ।

श्रीसूर्य नै हाम्रो जगत्मा रहेको सबै प्रकारको ऊर्जा र शक्तिको आदि स्रोत हुन् भन्ने कुरो आधुनिक विज्ञानले पनि प्रतिपादित गर्दछ ।

भगवान्का अनेकौं रूपहरूमा श्रीसूर्य साक्षात् देवताको रूपमा मानिन्छन् । कारण सूर्यका किरणमा अनेकौं रोग र रोगाणुहरूको नाश गर्ने क्षमता रहन्छ, सूर्यले अन्धकारको नाश गर्दछन्, साथै जीवनको लागि आवश्यक उष्णता पनि प्रदान गर्दछन्, अरू अप्रत्यक्षरूपमा त श्रीसूर्यको कल्याणकारी कार्यहरूको गिन्ती नै छैन । प्राकृतिक चिकित्सामा पनि सूर्यका किरणहरूको ठूलो महत्त्व बताइएको छ । र साथै पापादिकर्मको फल स्वरूप हुने कुष्ठादि रोगहरूको निवृत्तिको लागि पनि सूर्य-व्रत, गङ्गास्नान आदिको उपयोगिता रहेको उल्लेख गरिएको छ । रक्तदोषजन्य रोगहरूमा भगवान् श्रीसूर्यको व्रत-उपासना र लवण(नून)को परित्याग उपयोगी हुन्छ ।

सूर्य पूजा र श्रीसूर्यको व्रतको महिमा शास्त्रकारहरूद्वारा मुक्त-कण्ठले गाइएको छ । अथर्ववेद, ऋग्वेद, कृष्णयजुर्वेद, शुक्लयजुर्वेद, आरण्यकहरू, भविष्यपुराण, साम्बपुराण, मार्कण्डेय पुराण, विष्णुपुराण, अग्निपुराण, ब्रह्मपुराण, लिङ्गपुराण, श्रीमद्भागवत्, मत्स्यपुराण, पद्मपुराण, महाभारत, वाल्मीकि रामायण, शारदातिलक आदि ग्रन्थहरूमा र प्रायः जसो सबै ग्रन्थहरूमा श्रीसूर्यदेवको पूजा-उपासना-मन्त्र र माहात्म्य भरपूर रूपले वर्णन गरिएको छ ।

द्विजाति अथवा ब्राह्मणहरूले अनिवार्यरूपमा गर्नुपर्ने र नगर्दा प्रत्यवाय (दोष) लाग्ने भनिएको सन्ध्योपासनामा समेत श्रीसूर्यलाई जलको अर्घ्य दिने र प्रार्थना तथा उपासना गर्ने विधि-विधान आदि उल्लेख गरिएका छन् । जसमध्ये प्राणायाम पछि विनियोग र आचमन गर्ने मन्त्रको यहाँ उल्लेख गरिएको छ–

'ॐ सूर्यश्चमेति नारायण ऋषिः अनुष्टुप्छन्दः सूर्यो देवता अपामुपस्पर्शने विनियोगः ।

ॐ सूर्यश्चमा मन्युश्च मन्युपतयश्च मन्युकृतेभ्यः पापेभ्यो रक्षन्ताम् यद्रात्र्यापापमकार्षं मनसा वाचा हस्ताभ्यां पद्भ्यामुदरेणशिश्ना रात्रिस्तदवलुम्पतु यत्किञ्च दुरितं मयि इदमहं मामृतयोनौ सूर्ये ज्योतिषी जुहोमि स्वाहा ।।

यसैगरी सन्ध्योपासनमैं सूर्यलाई दैनिक अर्घ्यदान दिने विधान लेखिएको छ भने सूर्य उपस्थानमा पनि विनियोगसहित मन्त्रहरू उल्लेख गरिएका छन्–

(क) ॐ उद्वयमित्यस्य प्रस्कण्व ऋषिरनुष्टुप् छन्दः सूर्यो देवता सूर्योपस्थाने विनियोगः ।

(ख) ॐ उदुत्यमित्यस्य प्रस्कण्व ऋषिर्निचृद्गायत्री छन्दः सूर्यो देवता सूर्योपस्थाने विनियोगः ।

(ग) ॐ चित्रमित्रस्य कौत्स ऋषिस्त्रिष्टुप्छन्दः सूर्यो देवता सूर्योपस्थाने विनियोगः ।

(घ) तच्चक्षुरित्यस्य दध्यङ्ङथर्वण ऋषिरक्षरातीतपुरउष्णिक्छन्दः सूर्योदेवता सूर्योपस्थाने विनियोगः ।

सूर्योपस्थापनका मन्त्रहरू :

१. ॐ उद्वयं तमसस्परि स्वः पश्यन्त उत्तरम् । देवं देवत्रा सूर्यमगन्म ज्योतिरुत्तमम् ।

२. ॐ उदुत्यं जातवेदसं देवं वहन्ति केतवः । दृशे विश्वाय सूर्य्यम् ।।

३. ॐ चित्रं देवानामुदगादनीकं चक्षुर्मित्रस्य वरुण-स्याग्नेः । आप्रा द्यावा पृथिवी अन्तरिक्षꣳ सूर्य्यआत्मा जगतस्तस्थुषश्च ।

४. ॐ तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् । पश्येम शरदः शतं जीवेम शरदः शत ६ शृणुयाम शरदः शतं प्रब्रवाम शरदः शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात् ।

यसैगरी गायत्री माताको प्रातःकालमा ध्यान गर्ने मन्त्रमा–

ॐ ब्रह्माणीं ब्रह्मदैवत्यां ब्रह्मलोक निवासिनीम् ।
मन्त्रेणावाहयेद्देवीमायान्तीं सूर्यमण्डलात् ।।

अर्थात् 'सर्वशक्तिस्वरूपा गायत्री माता सूर्यमण्डलबाट आउँदै गरेकी सम्झेर ध्यान गर्नु ...... ' यस अर्थले पनि सबै देवी-देवताहरू सूर्यमैं समाहित रहँदारहेछन् भन्ने कुरा स्पष्ट नै छ ।

मध्याह्नकालमा गरिने गायत्री माताको ध्यानमा पनि 'सूर्यमण्डलमा रहेकी' भन्ने वचन राखिएको छ–

ॐ मध्याह्ने विष्णुरूपां च ताक्ष्यास्था पीतवाससाम् ।
युवतीं च यजुर्वेदां सूर्यमण्डलसंस्थिताम् ।।

यसैगरी सायंकालको सन्ध्यामा प्रयुक्त गायत्री माताको ध्यानमा पनि 'सूर्यमण्डलमा रहेकी' भन्ने वचन आउँदछ–

ॐ सायाह्ने शिवरूपां च वृद्धां वृषभवाहिनीम् ।
सूर्यमण्डलमध्यस्थां सामवेदसमायुताम् ।।

साथै गायत्री शापविमोचनमा समेत 'ॐ सोऽहमर्कमयं ज्योतिः' आदि वचन प्रयुक्त हुनुले पनि भगवान् सूर्यको गरिमालाई नै सर्वमान्य रूपमा स्थापित गरेको बुझिन आउँदछ ।

सूर्यको गति अनुसार नै सङ्क्रान्ति बन्ने गर्दछ । सूर्यको जब एक राशिबाट अर्को राशिमा प्रवेश हुन्छ, तब महिनामा परिवर्तन आउँछ ।

सूर्य हाम्रो शरीरमा आँखाका देवता पनि हुन् । सूर्य भनेकै अग्नितत्त्वको आकाशीय रूप हो । तसर्थ वहाँ नै अन्तर्ज्योतिपुञ्ज रूपमा हाम्रो अन्तर्चेतना लाई प्रकाशित गर्नु हुन्छ र नेत्रलाई पनि ज्योति प्रदान गर्नुहुन्छ । हाम्रो शरीरमा जीवनको लक्षणको रूपमा जुन उष्णता हुन्छ, त्यो पनि सूर्यबाट नै आएको हो । त्यस्तै बुद्धिले पनि सूर्यबाट नै प्रेरणा प्राप्त गर्दछ । उहाँ जगत् यद्वा संसारका आत्मा र देवताका मुख मानिनुहुन्छ । भगवान् श्रीसूर्यले

नै देवता, पितृ र मानवजातिको भरण-पोषण गर्नु हुन्छ । उहाँले आफ्ना किरणहरूद्वारा जति पानी शोस्नु हुन्छ, ती सबै प्राणी, रुख-बिरुवाहरूको भरण-पोषणको लागि वर्षाउनु हुन्छ । श्रीसूर्य सकल ब्रह्माण्डको प्रेरणास्रोत हुनुहुन्छ । हिन्दू धर्मानुसार पञ्चदेव (गणेश, शिव, देवी, विष्णु र सूर्य) मध्ये एक मानिनु भएर श्रीसूर्य देवमण्डलको एक प्रमुख देवता हुनुभएको छ । भविष्यपुराण ब्राह्मपर्व (४८/२१-२२)मा भनिएको छ कि प्रत्यक्ष देवता त संसारका नेत्रस्वरूप भगवान् श्रीसूर्यनारायण नै हुनुहुन्छ । उहाँभन्दा बढ़ी अर्को कुनै देवता नै छैनन् । सम्पूर्ण जगत् उहाँबाट नै उत्पन्न भएका र अन्तमा उहाँमा नै विलीन हुन पुग्दछन्–

प्रत्यक्ष देवता सूर्यो जगच्चक्षुर्दिवाकरः ।
तस्मादभ्यधिका काचिद्देवता नास्ति शाश्वती ।
यस्मादिदं जगज्जातं लयं यास्यति यत्र च ।।

हाम्रो संस्कृतिमा सूर्य उपासनाको इतिहास त वैदिककालसँग जोड़िएको छ । यति मात्र नभएर श्रीसूर्यलाई ग्रहहरूको अधिष्ठाता (ग्रहपति) र आत्माको प्रतीक मानिन्छ । साथै बाह्र राशि र बाह्र महिनाको सम्बन्ध पनि सूर्यसँग गाँसिएको छ । तसर्थ यो स्पष्ट छ कि सूर्यको सम्बन्ध हाम्रो जीवनको प्रत्येक अङ्गसाथ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहेको छ । सूर्यको प्रभाव र अस्तित्वको बिना हाम्रो जीवन अस्तित्वमै आउने थिएन र यो अस्तित्व पनि उनको कृपा र प्रभाव बिना कायम रहन सक्दैन । अतः हिन्दूधर्ममा आस्था हुने जो कोहीले पनि श्रीसूर्यलाई पर्गेल्नु पर्ने अर्थात् नमान्नुपर्ने कुनै कारण नै देखिंदैन ।

अन्तमा साम्बपुराणको यो उपोद्घातको श्लोक राख्दै यो लेख यहीं अन्त्य गर्न चाहन्छु–

ॐ तिमिरकरिकिरातः प्रत्यहं सप्रभावः ।
कमलविपिनबन्धुः पुण्यकारुण्यसिन्धुः ।।
भववभुवनदीपः कुष्ठपापप्रदीपः ।
सुरमुनिकृतसेवः पातु वो भानुदेवः ।।

संज्ञा (संक्षिप्त परिचय)

विश्वकर्माकी छोरी संज्ञाका बारेमा थुप्रै रोचक आख्यानहरू पुराणहरूमा पाइन्छन् । विश्वकर्मा वास्तुशास्त्रका प्रणेता थिए । ज-जसले जस्तो कल्पना गर्दथ्यो त्यसलाई सुन्दर स्वरूप प्रदान गर्न उनहलाई रत्तीभर समय पनि लाग्दैनथ्यो । विश्वकर्माले घामपानी नभनेर खटेर काम गरेको, मिहिनेत गरेको छोरी संज्ञाले बाल्यकालदेखि नै देखेकी थिइन्, गुनेकी थिइन् । त्यसैले संज्ञा टण्टलापुर घाममा पनि काम गर्न गाह्रो मान्दैनथिन् । यसरी संज्ञाको मिहिनेत देखेर र घाम पनि खप्ने क्षमता देखेर सूर्य साह्रै प्रभावित भए र विवाहको प्रस्ताव राखे । घाम झुल्केमा नै दङ्ग पर्ने संज्ञा साक्षात् सूर्यसँग प्रणयसूत्रमा गाँसिन पाएकोमा फुरुङ्ग परेकी थिइन् । अद्वितीय वास्तुकार विश्वकर्माले पनि आफ्नी छोरीको घरजम भएपछि सन्तोषको लामो श्वास फेरे । पृथ्वीमा जीवनसञ्चालनका मुख्य कारण भएका सूर्यसँग बस्न पाएकोमा संज्ञा साह्रै खुशी थिइन् ।

जगत्को आत्मा सूर्यको वरदानले संज्ञाले मनु, यम र यमुनाजस्ता प्रतिभाशाली सन्तानलाई जन्म दिएकी थिइन् । छोराछोरी जन्माउने, हुर्काउने र घरगृहस्थीका विभिन्न कार्यमा व्यस्त रहँदा संज्ञालाई सूर्यको रापको वास्ता भएन । समय बित्दै गयो, संज्ञालाई सूर्यको राप कड़ा लाग्न थाल्यो । संज्ञा अब सूर्योदयभन्दा सूर्यास्तको प्रतिक्षा व्यग्रतापूर्वक गर्न थाल्ने भइन् । सूर्य अति नै व्यस्त थिए र त्यसैले उनीले घर-गृहस्थी र बाल-बच्चाहरूमा त्यति ध्यान दिन सक्दैनन् भने कुरा संज्ञालाई राम्ररी थाहा थियो । आफूले सूर्यको ताप सहन नसकेर माइत जान निर्णय गरेपछि संज्ञाले आफ्नै विश्वासीली छायालाई घर र छोराछरीको जिम्मा दिइन् ।

बेफुर्सदी सूर्यलाई लामो समयसम्म यस कुरोको भनकै भएन । संज्ञाको काटीकुटी स्वरूप भएकी छायाबाट पनि सूर्यका तीन जना सन्तान शनैश्चर, तपती र सवर्णी जन्मिए । छोराछोरीहरू साथ व्यवहारमा, खानपानमा छायाले गरेको विभेद थाहा पाएपछि सूर्यलाई कुरो बुझ्न बेर लागेन ।

उनी तुरुन्तै संज्ञाको खोजीमा हिँडिहाले । उता संज्ञा पनि लामो समयसम्म माइतीघरमा बसेपछि वनविहार गर्ने उद्देश्यले वनतिर लागेकी

थिइन् । घोड़ीको रूपमा वनमा डुलिरहेकी संज्ञालाई सूर्यले भेटे । सूर्य पनि घोड़ाकै रूपमा वनमा विहार गर्न थाले । त्यहीं संज्ञाले जुम्ल्याहा अश्विनीकुमारहरूलाई जन्म दिइन् । महाभारतको अनुशासन पर्वअन्तर्गत दानधर्मपर्वमा सूर्यको वीर्यबाट अश्वरूपधारिणी संज्ञाको नाकद्वारा नासत्य र दस्र नामक छोराहरू जन्मिएको उल्लेख छ । सूर्यले फकाइवरी संज्ञालाई फर्काएर घरमै ल्याए । संज्ञाले सूर्यलाई कुनै प्रकारले आफ्नो राप घटाउने शर्त राखेकी थिइन् । भविष्यपुराणमा संज्ञाको बाबु विश्वकर्मा (दक्ष)लाई अनुरोध गरेर सूर्यको राप घटाएको उल्लेख छ । सूर्यले शस्त्रको पीड़ा खप्न सके आफूले तेज घटाउन सक्ने कुरो विश्वकर्माले बताए । सूर्यले स्वीकृति दिएपछि उनले सूर्यलाई खरादमा (निर्मित वस्तुको नमिलेको खन्चाङ्-खुरुङ् भाग घसेर सुडौल र चिल्लो पार्ने यन्त्र) राखेर खुर्कन थाले । भविष्यपुराणअनुसार सूर्यको शरीर खुर्कंदा पीड़ाले उनी बारम्बार मूर्च्छा पर्दथे । विश्वकर्माले सूर्यको सम्पूर्ण शरीर खुर्के, तर खुट्टाका औंला भने बाँकी नै रह्यो । सूर्यलाई भएको पीड़ा हटाउन विश्वकर्माले रक्तचन्दन र करवीरको फूलको लेप शरीरभर लगाउने सल्लाह दिए । सूर्यले विश्वकर्माले भने अनुसार गरे, शरीरको वेदना हरायो । त्यही बेलाबाट नै रक्तचन्दन र करवीरको फूल सूर्यलाई अति नै मन पर्न थाल्यो ।

सूर्यको शरीर घोट्दा निस्किएका चमकिलो धूलोबाट सिपालु विश्वकर्माले वज्र, शक्ति, त्रिशूल, चक्र र पुष्पकविमानसमेत बनाए । भविष्यपुराणमा विश्वकर्माले खरादमा राखेर सूर्यको राप कम गरेपछि संज्ञालाई खोज्दै सूर्य भगवान् वनमा गएको अनि अश्व र अश्विनीको रूपमा सम्पर्क भएपछि अश्विनीकुमार जन्मिएको वर्णन छ । पुराणमा वर्णन भएअनुसार सप्तमीको दिनमा सूर्यको जन्म, सप्तमी मै दिव्यरूप प्राप्ति र संज्ञासँग मिलन भएकोले सप्तमी तिथी सूर्यलाई अति प्रिय छ ।

भविष्यपुराणमै माघको सप्तमी, आश्विनको नवमी, भाद्रपद पञ्चमी र [illegible] तथा वैशाखको तृतीया सूर्यको व्रत लिन उत्तम तिथि मानिएको छ ।

सूर्यको तेज घटेपछि घर फर्किएकी संज्ञा फेरि छोराछोरीहरूँग रम्दै दिन बिताउन थालिन् । पुराणहरूमा संज्ञाले सूर्यको तेज खप्न नसकेर जङ्गलमा गएर तपस्या गरेको वर्णन पनि पाइन्छ ।

प्रत्यक्ष देवता भगवान् सूर्य हुन् । वेदमा सूर्यको साह्रै ठूलो महिमा बताइएको छ । सूर्यद्वारा नै यो समस्त जगत्को उत्पत्ति र लय हुन्छ । त्यस्ता पराक्रमी सूर्यसँग दाम्पत्यसम्बन्ध गाँस्न पाउनु संज्ञाको लागि गौरवको कुरा थियो । तर गृहस्थाश्रमको सम्पूर्ण कर्तव्य बिना बाधा पूर्ण गर्न साह्रै कठिन छ भन्ने कुरो संज्ञाजस्ती लगनशील, सहनशील, क्षमाशील नारीलाई पनि धौ-धौ भएकोबाट सजिलै बुझ्न सकिन्छ । पति-पत्नीमा एकअर्काप्रति विश्वास, समर्पण र त्यागको भावना भएमा नै दाम्पत्यजीवन सुखमय ढङ्गले बित्छ भन्ने कुरा सूर्य र संज्ञाको सम्बन्धले देखाएको छ । सूर्यजस्ता प्रत्यक्ष देवता, जगत्का आँखा र सृष्टिका कारकत्त्वले समेत सुखमय गृहस्थजीवनका लागि आफ्नो शरीर घोटेर, रेटेर तेज कम गराउन मञ्जुरी दिए ।

सूर्य र संज्ञाको सफल दाम्पत्य जीवनले सर्वसाधारण मानिसहरूलाई साह्रै ठूलो शिक्षा प्रदान गरेको छ । सफल दाम्पत्यजीवनको कड़ी नै सहनशीलता, विश्वास र त्याग हो । सूर्यको त्यागले गर्दा नै संज्ञाले टुटिसकेको दाम्पत्यको सम्बन्ध फेरि जाड्न सफल भइन् ।

(वेदपुराणाकाा केही रत्नहरूबाट)

श्रीसूर्यको व्रत आइतवार नै किन ?

'रवि'को पयार्यवाची शब्द सूर्य हो । यसकारण रविवारको अर्थ सूर्यको वार वा आदित्य वा आइतवार पनि हो । सूर्यवार भगवान् श्रीसूर्यको दिन हो । सप्ताहका सातौं दिन कुनै न कुनै ग्रह-विशेषका दिन मानिन्छन् र रविवार त सबै ग्रहहरूको स्वामी भगवान् श्रीसूर्यको दिनको रूपमा युगौंयुगदेखि मानिएको छ । ज्योतिषका अनुसार जुनदिन सूर्योदयको बखतमा जुन ग्रहको होरा रहन्छ त्यो दिन त्यसै ग्रहको दिनको रूपमा मानिन्छ, रविवार प्रातः सूर्योदयकालमा सूर्यको नै होरा हुनाले यस दिनलाई सूर्यको दिन अथवा रविवार भन्दछन् ।

भगवान् श्रीसूर्यसँग सम्बन्धित प्रायः सबै व्रतहरू, जप, तप र पूजन आदि कार्यका साथै अर्घ्यदानको काम समेत विशेषरूपले आइतवारकै दिन गर्ने गरिन्छ । तर सूर्यनमस्कार र सूर्यलाई जलको धारा (जलदान) आदि कार्य भने रविवारबाट शुरु गरिए पनि दिनदिनै गर्नुपर्दछ । श्रीसूर्यको व्रतको विधान पनि प्रायः रविवारबाट नै गर्नु पर्ने निश्चित गरिएको छ ।

व्रतादि र पूजा-पाठको सम्बन्धमा यो कुरा पनि अवश्य हो कि व्रत बस्नेको केही दिनसम्म केही कमजोरी लाग्ने हुनसक्छ । र केही जनहरूले दुई-चार पटक व्रत बसी व्रतको फल प्राप्त नहुँदै वा व्रत पूरा नहुँदै बीचैमा छाड्ने गर्दछन् । यस्तो गर्नु कदापि उचित होइन । अझ कतिले त मलाई फलानो व्रत फापेन आइन्दा यो व्रत लिंदिन भन्ने गर्दछन् । यसो भन्नु पनि ठूलो मूढता हो । हामीलाई थाहा भएकै कुरा हो कि, राम्रो काममा नाना प्रकारका कठिनाई र विघ्न-बाधाहरू आइपर्दछन्, तर धीर व्यक्तिहरूले यस्ता अवरोधहरूबाट विचलित हुनु हुँदैन । बरु कठिनाईहरूको सामना गरेर अगाड़ि बढ्नु पर्छ र कार्यको पूर्णतारूपी सफलता हस्तगत गर्नु पर्दछ । तबमात्र व्रतको फल व्रतीलाई प्राप्त हुन्छ । यस्ता उदाहरणहरू धेरै सुनिए-देखिएका छन् । अर्को स्मरणीय कुरा यो छ कि, व्रती व्यक्तिको दुर्भाग्यवश मृत्यु भइहाले पनि उसका बन्धु-बान्धवले सम्भव भए दाहसंस्कार पूर्व नै वा त्यस्तो अनुकूल नपरे चोखिने दिन (१२औं वा १३औं दिन) व्रतको समाप्ति (साङ्गता) गरिदिनुपछ भन्ने कुराहरूको पनि शास्त्रादिमा उल्लेख पाइन्छ ।

यसरी श्रीसूर्यको महत्व बुझेपछि सूर्यको दिन अर्थात् रविवारमा नै सूर्य सम्बन्धित कुनै पनि व्रत, तप, पूजन आदि कार्यहरूको सम्पादन गर्नु र प्रातःकालमै सूर्यको होरा रहुञ्जेलमा कार्यको आरम्भ गर्नु ।

सूर्यसँग सम्बन्धित केही चाड-पर्वहरू

१. भारतको उत्तर-पूर्वी अञ्चलमा रहेको अरुणाचलमा 'चाँद-सूरजका पर्व' मनाउने गरिन्छ ।

२. अचला सप्तमी (रथ सप्तमी); माघ महिनाको शुक्लपक्षको सप्तमी तिथिका दिन यो व्रत गर्ने गरिन्छ ।

३. छठ-पर्व (सूर्य-पूजा, सूर्य षष्टी महोत्सव, रविषष्ठी व्रत); यो पर्व एवं पूजा वर्षमा दुई पटक कार्तिक शुक्लषष्ठी र चैत्रमा गर्ने गरिन्छ, जसमा कार्तिक महिनाको शुक्लषष्ठी तिथिका दिन विशेषगरी भारतको बिहार राज्यमा र त्यस समीपका नेपाली भूभागहरूमा समेत यो सर्वाधिक प्रचलित एवं पावन पर्वका रूपमा धूमधामसँग मनाउने गरिन्छ ।

४. लोलार्क-कुण्ड मेला; वाराणसीमा भाद्र महिनामा लोलार्क कुण्डमा मेला लाग्ने गर्दछ । जसमा स्नान, सूर्यपूजा र व्रत गरिन्छ ।

५. रवि सप्तमी व्रत; कुनै पनि महिनामा कुनै पनि पक्षमा आइतवार सप्तमी तिथि परेको दिन यो व्रत गर्ने गरिन्छ ।

६. मकर-सङ्क्रान्ति; अङ्ग्रेजी तारीख अनुसार प्रतिवर्ष जनवरी १४का दिन यो पर्व पर्दछ । हुन त यस दिन भगवान् माधवको पूजा गरिने, र प्रत्यक्षरूपमा सूर्यको उपासना न गरीने भए पनि सूर्यको गति धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने र दक्षिणायनबाट उत्तरायण आगमन हुनाले विभिन्न तीर्थस्थलहरूमा स्नान, दान, जप, पाठ-पूजा गर्ने परम्परा हालसम्म रहँदै आएको छ । यसरी यस पर्वको विशेष महत्त्व हुनुमा पनि भगवान् श्रीसूर्यदेव नै कारण हुनु भएको छ ।

७. मार्तण्ड सप्तमी; पौष शुक्ल सप्तमीका दिनलाई मार्तण्ड सप्तमी भनिन्छ । यस दिन भगवान् सूर्यलाई लक्षित गरी हवन तथा गोदान गर्नाले वर्षदिन पर्यन्त उत्तम फल प्राप्त हुने बताइएको छ ।

८. मेष (वैशाख सङ्क्रान्ति) ; जब भगवान् श्रीसूर्य मीनराशिबाट मेष राशिमा प्रवेश गर्नुहुन्छ, तब सौरमान अनुसार वैशाख सङ्क्रान्ति वा मेष सङ्क्रान्ति हुन्छ । यद्यपि यस दिन मधुसूदन भगवान्को पूजा-आराधना गरिने भए पनि श्रीसूर्यको मेष राशिमा आगमनकै कारणले यो पर्वको विशेष महत्त्व रहन गएको हो ।

यसका अतिरिक्त द्वादश रविवारको वर्णन र नन्दादित्य व्रत-विधि, श्रीसूर्यषष्ठी व्रतको महिमा, सूर्य-पद-द्वय व्रत, सर्वाप्ति सप्तमी र मार्तण्ड सप्तमी व्रत विधि, श्रीसूर्यको सप्तावरण पूजन विधि सहित भगवान् श्रीसूर्यको नित्यार्चको विधान, भगवान श्रीसूर्यको पूजन र व्रत उद्यापन विधि, द्वादश आदित्यको नाम सहित रथसप्तमी व्रतको महिमा, सूर्यदेवको र सो रथमा साथ बसेर भ्रमण गर्ने देवता-नाग आदिको वर्णन, भगवान् श्रीसूर्यको महिमाका साथ विभिन्न ऋतुहरूमा उनको भिन्दाभिन्दै वर्ण र सोको फल, भगवान् सूर्यको अभिषेक र रथयात्राको फल, भगवान् सूर्यको व्रतहरूको अनुष्ठान र सूर्यको मन्दिरहरूमा गरिने अर्चन-पूजनको विधि एवं फल, आदित्य(सूर्यको)को आराधनाको माहात्म्य वर्णन, सूर्यलाई प्यारो लाग्ने फूलहरूको वर्णन, सूर्य मन्दिरमा मार्जन-लेपन आदिको फल, दीपदानको फल र सिद्धार्थ सप्तमी-व्रतको विधान र फल, श्रीसूर्यको द्वादश मूर्तिहरूको वर्णन, सूर्यको विराटरूप र उहाँको प्रभाव वर्णन, सिद्धार्थ (सर्षप) सप्तमी व्रतको उद्यापन विधि जम्बूद्वीपमा सूर्यनारायणको आराधनाका तीन प्रमुख ठाउँहरूको वर्णन, भगवान् श्रीसूर्यका परिवारहरू, श्रीसूर्यलाई नमस्कार र मानसिक प्रदक्षिणा गर्नुको फल, भगवान् श्रीसूर्यदेवको पूजामा प्रयोग गरिने विविध उपचार (सामग्री) र फल-फूलहरू अर्पण गर्नाको माहात्म्य, सूर्यको मन्दिरमा पुराण वाचन र श्रीसूर्यको पूजा-अर्चना गर्नुको फल, जया सप्तमी व्रतको वर्णन र जयन्ती सप्तमीमा गरिने विधि-विधान र त्यसको फल, सूर्यपूजामा भावशुद्धिको आवश्यकता र त्रिप्राप्ति-सप्तमी व्रत, श्रीसूर्यको मन्दिर निर्माणको फल र यमराजद्वारा आफ्ना दूतहरूलाई सूर्यभक्तहरूबाट धेरै टाढा रहने निर्देशन, सूर्यलाई घिउ र दूधको अभिषेक गर्नुको फल, कौशल्या र गौतमीको संवादका रूपमा भगवान् सूर्यको माहात्म्य र भगवान् सूर्यलाई मन पर्ने फल-फूलहरूको वर्णन, सूर्यभक्त सत्राजित्को कथा र त्रिविक्रम

व्रत विधि, वैवस्वतको लक्षण र सूर्यनारायणको महिमा, श्रीसूर्यको सौम्यरूपको कथा, उहाँको स्तुति र परिवार तथा देवताहरूको वर्णन, श्रीसूर्यनारायणको आयुध-व्योमको लक्षण र माहात्म्य साम्बद्वारा भगवान् सूर्यको कालात्मक चक्रको वर्णन, सूर्यचक्रको निर्माण र सूर्य दीक्षाको विधि, सौरधर्म निरूपणमा सूर्य अवतारको कथन, ब्रह्मादि देवताहरूद्वारा श्रीसूर्यको विराट् रूपको दर्शन, श्रीसूर्यको उपासनाको फल, विभिन्न फूलहरूद्वारा सूर्यपूजनको फल, उभय-सप्तमी व्रतको वर्णन, भगवान् श्रीसूर्यका निमित्त घर र रथ आदि दानको माहात्म्य, सप्त सप्तमी र द्वादश मास सप्तमी व्रतहरूको वर्णन लगायत कतिपय विषय-वस्तुहरू यस पुस्तकमा समावेश गरिएका छैनन् । यस पुस्तकको सङ्कलन, लेखन र प्रकाशनको प्रमुख उद्देश्य सूर्यसम्बन्धी विविध छरिएर रहेका र प्राप्त गर्न सकिनेसम्मका स्तुति (स्तोत्र) र मन्त्रहरूलाई एकैठाउँमा प्रस्तुत गर्नु रहेको हो । यस सन्दर्भमा हामी के कति सफल भयौं त्यो त पुस्तक अवलोकन-अध्ययन गर्नुभएमा नै विदित हुने छ । अस्तु

सूर्यपूजनका लागि उपयुक्त फूलहरू

करवीरं नृपैकस्मिन्नकार्थ विनिवेदिते ।
दत्त्वा दशसुवर्णस्य निष्कस्य लभते ध्रुवम् ।। –(भविष्यपुराण)

जपापुष्पसहस्रेभ्यः करवीरं विशिष्यते ।
करवीरसहस्रेभ्यो बिल्वपत्रं विशिष्यते ।।

बिल्वपत्रसहस्रेभ्यः पद्ममेकं विशिष्यते ।
वीर पद्मसहस्रेभ्यो वकपुष्पं विशिष्यते ।।

वकपुष्पसहस्रेभ्यः कुशपुष्पं विशिष्यते ।
कुशपुष्पसहस्रेभ्यः शमीपुष्पं विशिष्यते ।।

शमीपुष्पसहस्रेभ्यो नृप नीलोत्पलं वरम् ।
रक्तोत्पलसहस्रेण नीलोत्पलशतेन च ।
रक्तैश्च करवीरैश्च यस्तु पूजयते रविम् ।। –(भविष्यपुराण)

अलाभे सति पुष्पाणां पत्राण्यपि निवेदयेत् ।
पत्राणामप्यलाभे तु फलान्यपि निवेदयेत् ।।
सग्भिश्च नृपशार्दूल तदेव द्विगुणं भवेत् ।
मल्लिका मालती चैव दूर्वा काशोऽतिमुक्तकः ।
पाटला करवीरश्च जपायावन्तिरेव च ।।
कुब्जकस्तगरश्चैच कर्णिकारः कुरण्टकः ।
चम्पको रोलकः कुन्दो वाणो बर्बरमल्लिका ।।
अशोकस्तिलको लोधस्तथा चैवाटरूपकम् ।
शतपत्राणि चान्यानि बकुलश्च विशेषतः ।।

.... DeiesfileteKaMejeievleÉ leh~ ~ —(वीरमित्रोदय, पूजाप्रकाश)

भविष्यपुराणमा भनिएकोछ कि सूर्य भगवान्लाई यदि एउटा आँकको फूल चढाए एउटा जपापुष्प चढाए सरह फल मिल्दछ । त्यसैगरी हजार जपापुष्प (देवी फूल– जुन गहिरो रातो रङ्को हुन्छ) भन्दा एउटा कनेर (यसको सेतो- रातो- पहेंलो फूल फुल्दछ) उत्तम मानिएको छ । हजार कनेर भन्दा एउटा बेलपत्र (तीन पत्र भएको) उत्तम मानिएको छ । यसै गरी हजार बेलपत्रभन्दा एउटा रातो कमल (तर सेतो होइन), हजार रङ्गीन पद्म (कमल) भन्दा एउटा मौलसिरी, हजार मौलसिरीभन्दा एउटा कुशको फूल, हजार कुशको फूलभन्दा एउटा शमीको फूल उत्तम मानिएको छ । त्यसैगरी हजारवटा समी (स्वामी) को फूलभन्दा एउटा नीलकमल, हजार नीलकमलभन्दा एउटा रातो फुल्ने कनेर (करवीर)को फूल बढ़िया मानिएको छ ।

यदि उपरोक्त फूलहरू पाइएनन् भने तिनको पात चढ़ाउनु, पात न पाइए तिनीहरूमा फल हुनेको फल चढ़ाउनु । (तर कुनै वस्तुको पनि मुण्टो भाँचेर नचढ़ाउनु, अनर्थ हुनेछ) । यो पनि स्मरणीय छ कि फूलभन्दा माला बनाएर चढ़ाए दोब्बर फल पाइने उल्लेख छ ।

सूर्य भगवान्लाई चढ्ने केही अन्य फूलहरू–

बेला, मालती, काश, माधवी, पाटला, कनेर, जपा, यावन्ति, कुब्जक, कर्णिका (पहेंलोफुल्ने) कण्टकारी (कुरण्टक), चम्पा, रोलक, कुन्द, कालो कटसरैया, बर्बरमल्लिका, अशोक, तिलक, लोध्र, अरूषा

(असुराको फूल), कमल, मौलसिरी, अगस्त्य, पलाशको फूल र दुबो आदि हुन् । त्यस्तै बेलपत्र, समीको पात, भँगरैया (भृङ्गराज)को पात, तुलसी र कालो तुलसीको पात र कमलको पात आदि पनि चढ़ाउन योग्य मानिएको छ । यो पनि सोचनीय छ कि अप्राप्य वा कष्टसाध्य विषयतिरभन्दा सहज, सुलभ, शुद्ध र उत्तम वस्तुतर्फ जस्तै– तुलसी, बेलपत्र आदि र अन्य सुगन्धित पुष्पहरू नै उपयुक्त हुनेमा दुई मत छैन ।

अब, चढ़ाउन नहुने फलहरू–

गुञ्जा (कृष्णाला), धतुरो, काँची, अपराजिता (गिरिकर्णिका), भटकटैया, तगर, अमडा र धुर्सेली आदि फूलहरू वा यिनका पात अथवा फलहरू चढ़ाउन निषेध छ भनी वीरमित्रोदय नामक पुस्तकमा उल्लेख गरिएको छ ।

श्रीसूर्यको व्रतसम्बन्धी प्रचलित सामान्य नियमहरू–

१. श्रीसूर्यको व्रत रवि(आइत)वारबाट नै गर्नु पर्दछ ।

२. व्रत गर्ने दिन कुनै पनि हालतमा नून खानु हुँदैन ।

३. दिनमा एकपटकमात्रै नूनबिनाको भोजन गर्नु पर्दछ । प्राय: मिष्ठान्न भोजनको नै चल्ती छ ।

४. दिनमा एकपटकमात्रै अन्न खानु हुन्छ, तर भोजन पूर्णतया सात्त्विक हुनु पर्दछ ।

५. भोजनमा लसुन, प्याज, अमिलो, अचार, गुन्द्रुक, तामा, च्याउ र बजारको भोजन, नून, खुर्सानी इत्यादि उत्तेजक वस्तुहरूको त्याग गर्नु पर्दछ ।

६. कर्त्ता वा व्रत बस्नेले सकभर सेतो निर्मल वस्त्रको नै प्रयोग गर्नु पर्दछ । शौचादिसा (दिशा-पिसाबगर्दा) लगाइएको वस्त्र अशुद्ध र अपवित्र मानिन्छ, साथै युद्धादिको वा आयुधहरूकोचित्र अङ्कित भएको वा कुनै, उत्तेजना दिने वस्त्रको धारण पनि उचित हुँदैन ।

पूजामा बस्दा दिसा लाग्यो भने व्रत बस्दा लगाइएका वस्त्रहरू त्यागि थोरैमात्र वस्त्र लगाई दिसा फेर्न जाने र शौचबाट निवृत्त भइसकेपछि उक्त वस्त्रहरू धुने गर्नु पर्दछ भने पिसाब गर्दा पानीले मूत्रेन्द्रिय धुन बिर्सनु हुँदैन ।

७. व्रत गर्ने कर्त्ताले अन्न खान (भोजन गर्न) इच्छा नगरेमा सकभर पानी पनि खानु हुँदैन । एक छाक खानेले मात्र पानी खाए हुन्छ ।

८. सामान्यतः अन्न नखाएर फलाहार गर्नु नै उत्तम मानिएको छ ।

९. व्रतीले व्रत बसेका दिन शारीरिक सम्बन्ध (यौन-सम्पर्क) पनि गर्नुहुँदैन भने क्षौरादिका कार्यहरू, हात-गोड़ाका नङहरू काट्ने काम पनि गर्नुहुँदैन ।

१०. व्रत बस्ने दिन कर्तालि हिंसा गर्ने, दुष्टको सङ्गत गर्ने, दुर्वाच्य बोल्ने, चुक्ली लगाउने, ढाँट्ने जस्ता निन्दनीय कार्यहरू पनि कदापि गर्नुहुँदैन ।

११. यहाँ उल्लेख गरिएका विधि-नियमहरूमात्रको अपेक्षा देश-काल-परिस्थिति आदि सबै कुराहरूको पनि विचार गर्नुपर्दछ ।

यसरी माथि बताइएका विधि-नियमहरू आफ्नो परिस्थिति र शारीरिक शक्तिलाई ध्यानमा राख्दै संयमित भएर भगवान् श्रीसूर्यप्रति अगाध आस्था हुने व्रती यद्वा कर्ताहरूले यो व्रत गर्नुपर्दछ । साथै दिनदिनै अथवा प्रत्येक आइतवार मात्र भए पनि स्नानादि कर्मबाट निवृत्त भई यथा-मिलितापचारले भगवान् श्रीसूर्यदेवको पूजा गरी आफ्नो इच्छानुसारको कार्य-सिद्धिका लागि यस पुस्तकमा भएका स्तोत्रहरूको चुनेर श्रद्धा-भक्तिपूर्वक पाठ गर्नु पर्दछ ।

रविवार (आइतवार) व्रत-विधि[१]

रविवारको यो व्रत गर्नाले सबै प्रकारका मनोकामनाहरू पूर्ण हुनुका साथै मान-सम्मानको वृद्धि, शत्रुहरूको बुद्धि सप्रिने र आफ्नो कान्तिको वृद्धि हुन्छ भन्ने कुरा ग्रन्थहरूमा उल्लेख गरिएका छन् । यो रविवारको (आइतवारी) व्रत लिन चाहनेले मंसिर महिनाको शुक्लपक्षको पहिलो

१. शृणु साम्ब ! महाबाहो ! कुरुत्वं रविपूजनम् ।
यत् कृत्वा सर्वरोगेभ्यो मुच्यते नात्र संशयः ।।
अष्टादशपुराणानां श्रवणे यत् फलं लभेत् ।
तत्फलं समवाप्नोति सत्यं सत्यं वदाम्यहम् ।।
प्रपूज्य सूर्यरूपं तद् देया च कपिला शुभा ।
य एवं कुरुते भक्त्या स मर्त्योऽत्र महीतले ।।
पुत्रपौत्रादिसंयुक्तो हर्षनिर्भरमानसाः ।
भुक्त्वा तु सकलान् भोगान् सूर्यलोके महीयते ।। (साम्बपुराणे)

आइतवारबाट आरम्भ गर्नु । सूर्यको पूजा गरेर मध्याह्नमा बिना नूनको भोजन गर्नु । वर्षभरि रविवारमा यो व्रत गरेर उद्यापन गर्नु ।

प्रात: काल स्नानादि कर्मबाट निवृत्त भई शुद्ध - पवित्र र निर्मल (सेतो) वस्त्र धारण गर्नु । तुलसीको मोठ नजिकै वा कुनै पनि पवित्र स्थानमा गाईको गोबरले लिपी सविधि श्रीसूर्यदेवको पूजा गर्नु । शान्त-चित्त भएर श्रीसूर्यदेवको स्मरण-चिन्तन गरिरहनु । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि विकारहरूको त्याग गर्नु । भोजन एक समयमात्र गर्नु । तेल र नूनले युक्त वा मिसिएको खाना नखानु । फलाहार सूर्यास्तभन्दा पहिले ग्रहण गर्नु (खानु) । यदि कुनै कारणवश सूर्य भगवान्‌को दर्शन भएन भने (छेकिनुभयो भने) अर्को दिन सूर्य उदाए पछि (देखिनुभएपछि) अर्घ्य दिएर मात्र भोजन गर्नु । झूठो नबोल्नु र अभक्ष्य - आमिष आदि पदार्थहरूको त्याग गर्नु । व्रतका अन्तमा कथा श्रवण गर्नु ।

—— ● ——

रविवार (आइतवारी) व्रतको कथा[१]

कुनै एक गाउँमा सुमती नाम गरेकी बुढ़ी थिइन् । यिनले प्रत्येक आइतवारको दिन (अरूदिन जस्तै) सबेरै उठी गाईको गोबरले घरका मझेरी, पिंडी र आँगन लिपी, स्नानादि कर्महरू गरी सूर्यको पूजा गर्दथिन् । अन्तमा भोजन तैयार गरी श्रीसूर्य भगवान्‌लाई मनमनैले अर्पण गरी (भोग लगाई) भोजन गर्दथिन् । भगवान्‌को कृपाले उनको घरमा सबै किसिमको सुख र धनधान्यले पूर्ण थिइन् । कुनै पनि किसिमको दु:ख, कष्ट, शोक - सुर्ता, विघ्न-बाधा र बाधा अड़चनहरू थिएन । घरमा आनन्दै आनन्द थियो ।

तर, उनकी एक छिमेकी जसको घरबाट उनले दिनदिनै गाईको गोबर ल्याउने गर्दथिन् तिनै महिला चाहिं बुढ़ीको सर्वसम्पन्नता देखेर डाहले जल्न

१. यो कथा कुन् पुराणमा उल्लेख गरिएको छ ? र यसको मूल (संस्कृत श्लोक) छ कि छैन ? त्यो हाम्रो पनि जिज्ञासाको विषय बन्न गएको छ । कुनै महानुभावहरूसँग यस कथाको संस्कृत श्लोकहरू छन् भने हामीलाई उपलब्ध गराउनु होला । हामीले भने भारतीय जनमानसमा प्रचलित रहेको हिन्दी कथाको आधारमा त्यसको नेपालीमा अनुवाद गरी प्रस्तुत गरेका छौं ।

लागेकी थिई । उसले विचार गर्न लागी कि यो बुढ़ी सधैं मेरै गाईको गोबर लैजान्छे, र अब धनी-मानी हुन पुगी । अब मैले यसलाई गोबर दिंदिन भन्ने मनमा निश्चय गरी । अर्को दिनदेखि उसले आफ्नो गाईलाई घरभित्रै लगेर बाँध्न लागी ।

त्यो दिन आइतवारको दिन थियो । बुढ़ीले गाईको गोबर पाउन सकिनन् । उनको घर-छिमेक वरिपरि अरू कसैले गाई पालेका पनि थिएनन् । त्यसैकारण त्यो दिन उनले घर लिप्न पाइनन् । साथै सूर्य भगवान्को पूजा पनि हुन सकेन । त्यसदिन उनले न खाना बनाइन्, न भगवान्लाई अर्पण नै गर्न सकिन्, न आफूलेनै खान खाइन् । यसरी त्यो दिन उनी निराहार व्रत बस्न पुगिन् । राति भयो उनि ज्यादै भोकले विह्वल स्थिति मै सुतिन् । रातिमा भगवान् श्रीसूर्यले उनलाई स्वप्नमा दर्शन दिनुभयो र भोजन नबनाएको र भोग पनि नलगाएको कारण सोध्नुभयो । बुढ़ीले भनिन्– सधैं गोबर दिने महिलाले आज गोबर दिइनन्, गाईको गोबर पाइएन । त्यसैले हजुरको निम्ति भोग लगाउन सकिन । भग[illegible]! मलाई माफ गरिबक्सिएला । भगवान्ले भन्नुभयो– हे माता ! किना [illegible] ने प्रत्येक आइतवार पूरै घर लिप्दछौ, मेरा पूजा गर्दछौ अनि खाना पका[illegible] ममा अर्पण गरी स्वयं भोजन गर्दछौ, यसबाट म ज्यादै खुशी छु र म तिमीलाई यस्तो गाई दिन्छु जसले सबैप्रकारका चाहनाहरू पूर्ण गरिदिने छ ।

मैले गरिबलाई धन, बाँझी स्त्रीहरूलाई सन्तान, अर्थात् जसलाई जुन वस्तुको आवश्यकता पर्दछ सोही माफिको चीजहरू प्रदान गर्नेछु । र उसका दु:ख-कष्टहरू निवारण गर्दै अन्तमा मोक्ष पनि प्रदान गर्नेछु । सपनामा यस किसिमको वरदान दिएर भगवान् सूर्य अन्तर्ध्यान हुनुभयो ।

बिहानीपख जब बुढ़ी आमाको आँखा खुल्यो तब उनले घर नजिकै 'अम्मा ! अम्मा !' गरी कराएको गाईको बाच्छीको आवाज सुनिन् । हत्तपत्त उठेर को-के रहेछ भनेर हेर्दा त आँगनमा एउटा अति सुन्दर गाईका उसैको सानो अत्यन्त रहर लाग्दो बाच्छी समेत देख्न पुगिन् । यसरी अचानक गाई र बाच्छीलाई आफ्नै आँगनमा देख्दा ती बुढ़ी आमाको खुशीको सीमाना रहेन । तर अरू कसैको गाई फुकेर वा हराएर आएको त होइन ? भन्ने शङ्का नमानेकी पनि होइनन्, तर भगवान् सूर्यले सपनामा भन्नुभएको कुरा

झट्ट सम्झिन पुगिन् र त्यो गाईलाई घरकै बार्दलीनेर लगेर बाँधिन्, त्यो गाईलाई खानेकुराहरू दिइन् । मनग्गे पानी पनि खुवाइन् । बुढ़ियाले गाईको सेवामा कुनै कमी हुन दिइनन् ।

जब ती सुमती नामकी बुढ़ी आमाकी छिमेकीले उनको घरमा एउटा ज्यादै राम्रो गाई र बाच्छी बाँधिएको देखिन् त ईर्ष्या(डाहा)का कारण उसको मन जल्न थाल्यो । गाईमात्र त के ? गाईले सुनको गोबर गोब्राएको देख्दा त झन् खपिनसक्नु डाहा भयो । अन्य केही उपाय नदेखेर उसले सुटुक्क बुढ़ियाको गाईको गोबर चोर्न थाली र उसले आफ्नो गाईले गोब्राएको गोबर त्यहीं लगेर राखिदिन्थि । उसले दिनदिनै यसो गर्न थाली । सीधी-साधी बुढ़ीले यसको केही चाल पाउन सकेकी थिइनन् । सर्वव्यापी भगवान्लाई यस प्रकरणले चिन्तित बनायो । उहाँले सोच्नुभयो— जुन सेविका-भक्तले हरबखत मेरो उपासना-सेवा गरेकी छ, ऊ समाजमा अपहेलित र दुःखी बनेकी छ, सबैतिरबाट ठगिएकी छ । अनि जसले भक्त र भगवान्को निन्दा गरेको छ, ऊ नै (भक्तलाई दिइएको पदार्थबाटै) दिनानुदिन समृद्ध बन्दै गइरहेको छ । अब यस्तो अन्याय, र अत्याचार हुन दिनु भएन भन्दै एकदिन साँझका समयमा भगवान्ले आफ्नो मायाद्वारा भयङ्कर आँधी-हुरी-बतास चलाइदिनु भयो । बुढ़ी आमैले आँधि-बतासका डरले आफ्नो गाईलाई ठाउँ मिलाएर घरभित्रै लगेर बाँध्न थालिन् । छिमेकीले देखि कि गाईलाई भित्र लगेर बाँधिएको छ । अब उसलाई सुनको गोबर सुटुक्क उठाएर लैजाने उपाय मिल्न छाड्यो । त्यसपछि त ऊ झन् ईर्ष्या र डाहले भुतुक्क हुन थाली । अरू केही उपाय नदेखेर छिमेकी महिलाले त्यसै देशका राजाका सभामा गएर भनिन्— महाराज ! मेरो छिमेकमा एकजना बुढ़ी छन् । तिनको घरमा एउटा यस्तो गाई छ जो दिनदिनै सुनैसुनको गोबर गोब्राउँछ । हजुरले त्यो सुन गोब्राउने गाई लिएर प्रजाको पालन गर्नुहोस् । त्यो बुढ़ी आइमाईले त्यति धेरै सुन लिएर के गर्छे र ? त्यो नखर्माउली महिलाको कुरा सुनेर राजाले आफ्ना दूत (कर्मचारी)हरूलाई तिनै महिलाको साथमा गएर बूढ़ीको घरबाट गाई लिएर आउने आदेश दिए ।

बुढ़ी आमै बिहान सबेरै उठी नित्यकर्म सकेर भगवान् सूर्यलाई भोग लगाएर भोजन गर्न लागेको बेलामा राजाका कर्मचारीहरू आएर जबर्जस्ती गाईलाई दाम्लो खोलेर लैजान थाले, बुढ़ी निकै रुन-कराउन लागिन् ।

तर राजाका कर्मचारीका अगाड़ि कसको के लाग्दथ्यो र ? उनीहरूले गाई लगेरै छाड़े । त्यो दिन बुढ़ी आमै गाईको वियोगमा भोजन गर्न सकिनन् र रातभरि रोई-रोई ईश्वरसँग प्रार्थना गर्दिभइन् । यता ती नखरमाउली छिमेकी महिलालाई भने बेसरी आनन्द मिल्न थालेको महसूस भयो, खाना पनि अरू दिनको भन्दा धेरै रुच्न थाल्यो ।

उता, कर्मचारीहरूद्वारा ल्याइएको गाई देखेर राजा धेरै खुशी भए । तर भोलिपल्ट सबेरै उनी उठेर गाई र सुनको गोबरको हाल-खबर बुझ्न जाँदा त सारा दरबारभरि सामान्य गाईवस्तुकै सरहको गोबरै-गोबर भएको देखे । यस्तो अवस्था देखेर राजा आत्तिए । अर्को रातमा भगवान्ले राजालाई स्वप्नमा भन्नुभयो– हे राजा ! ती बुढ़ी आमाको गाई तुरन्त फर्काइदिनुमा नै तिम्रो भलाइ छ । अन्यथा राम्रो हुने छैन । ती बुढ़ी आमालाई रविवारको व्रतको प्रभावबाट खुशी भएर मैले नै त्यो गाई दिएको थिएँ । तर तिमीले जबर्जस्ती अपहत गरेर ल्याए छौ । यो ठीक भएन । बिहानिपख राजा स्वप्नबाट ब्यूँझिए । अनि स्नानादि कर्मबाट निवृत्त हुनासाथ आफ्ना केही कर्मचारीहरूलाई बोलाइ गाई ल्याइएकी घरकी बुढ़ी आमालाई बोलाएर ल्याउने आदेश दिए । राजाको आज्ञाअनुसार बुढ़ी आमा आइन् । राजाले उनलाई धन-धान्यसहित सम्मान गर्नुका साथै गाई-बाच्छी फिर्ता गरिदिए औ आफ्नो त्यस कार्यप्रति क्षमा याचना गरे । त्यसपछि राजाले उनकी छिमेकी महिलालाई पनि तुरन्त बोलाउने आदेश दिनुका साथै अर्काको विना कारण ईर्ष्या-डाह गरेकोमा उचित दण्ड दिए ।

यति गरेपछि राजाको महलबाट गोबरको थुप्रा र दुर्गन्धहरू पनि वर्षादिको पानीले बगाएर लग्यो । त्यसदिनबाट राजाले राजदरबारलगायत गाउँ र सहरका मानिसहरूलाई आदेश दिए कि राज्यको समृद्धि र आफ्ना समस्त मनकामनाहरूको पूर्तिको लागि रविवार(सूर्य)को व्रत गर्नु ।

यो व्रत गर्नाले नगर तथा गाउँका मानिसहरू सुखसाथ जीवन बिताउन थाले । तिनीहरूमा कुनै पनि किसिमको रोग-व्याधि र प्राकृतिक प्रकोपहरू देखा परेनन् । त्यसपछि त झन् सम्पूर्ण प्रजाहरूले राजाको जय-जयकार गर्न थाले ।

इति आइतवारी व्रतकथा समाप्तम्

सूर्य-पुराणको सवाई

जय जय गणपति सिद्धिका दाता ।
जय जय श्रीपति विश्व विधाता ।।
जय जय भगवन् जय श्रीदिनेश ।
जय उमा पशुपतिनाथ महेश ।।१।।

जय गुरु दयालु हजुर्कै छ आशा ।
हजुरकै दया हुँदा हेर्दछु तमाशा ।।
महिमा छ हजुरको अगम अपार ।
सूर्य-पुराण् लेख्दछू बुद्धि नै सपार ।।२।।
हे हे सूर्य नारायण! दयामय स्वामी ।
अलख निरञ्जन प्रभु अन्तर्यामी ।।
ज्योतिरूपी भगवान् हजुर्कै छ लीला ।
भक्तजन्को पुकार् सुन्ने आफैं छौ रसीला ।।३।।

दया गर ठाकुर उद्धार् गर हाम्रो ।
जगमग देख्दछू कान्मा कुण्डल् राम्रो ।।
नील वर्ण अङ्गको छ घोड़ाको सवारी ।
ज्ञान रूप हुनुहुन्छ धर्म-व्रत-धारी ।।४।।

श्री सूर्य नारायणको कथा अब भन्छु ।
आदित्यका व्रतको महिमा कहन्छु ।।
सुन सब भक्तजन सुन सब भाइ ।
अक्षर चिन्ने मनुष्यले आफैं पढ़नु गाई ।।५।।

कैलाशमा शिव थिया मनोरथ्का दाता ।
गौरी थिइन् नजीकमा तिनैलोक्की माता ।।
प्रश्न गर्छिन् पार्वतीले शिवजीका साथ ।
श्रीसूर्यको व्रत-कथा भन्नुहवस् नाथ ।।६।।
शिव भन्छन् गौरीसँग कथा सोध्यौ ऐले ।
आदित्यको शुभ कथा सुन भन्छु मैले ।।
ईश्वर् भन्नु श्रीसूर्य हुन् जगमग गाथ ।
ज्योतिरूप भगवान त्रिभुवन्का नाथ ।।७।।
छोरा-छोरी नपाउने जो छन् बाँझी नारी ।
सत्र मैह्ना व्रत गरुन् रविवारको भारी ।।
भोजन गरुन् हविष्य ब्रह्मचर्य पाली ।
पूजा गरुन् श्रीसूर्यको धूप-बत्ती बाली ।।८।।
अशुद्धमा सुत्न हुन्न राख्नु राडी पाखी ।
खानु छैन तेलको तिहुन् मीठो मानी चाखी ।।
राडी पाखी नपाएमा कुशासन्मा सुत्नू ।
सूर्यनारान् नउदाउँदै आफू पैह्ले उठ्नु ।।९।।
बिष्ठा-मूत्र गरिकन राम्रोसँग धूनू ।
कुल्ला गर्नु स्नान गर्नु कसैलाइ नछूनू ।।
पूजा गर्नु श्रीसूर्यको अर्घ[१] दिनू फेरी ।
दर्शन् गर्नू माथा टेकी श्रीसूर्यलाइ हेरी ।।१०।।
पाठ गर्नु सूर्यपुरान् ब्राह्मण् भोजन गर्नू ।
बाहुन्लाई ख्वाएपछि आफू अघि सर्नू ।।

सत्र मैह्ला रविवार्को व्रत गर्नु पर्ला ।
सूर्यनारान् खुशी हुन्छन् बाँझे दोष टर्ला ।।११।।
चार भाइ छोरा होलान् अति तेजवन्त ।
(एक् पुत्र ता अवश्य नै होला पितृ- भक्त ।)
परमायु नब्बे वर्ष स्वभाव होला सन्त ।।
तालिवार[१] ती हुन्याछन् कम्ती हुन्न केही ।
वर्दान् दिन्छन् आदित्यले धन्य हुन्छ देही ।।१२।।
पुत्र दिन्या व्रत यै हो श्रीसूर्यको खासा ।
येही व्रत गर्नुपर्छ पूर्ण हुन्छ आशा ।।
सत्र मैह्ला भित्रैमा गर्भ रहिजाला ।
भाग्यमानी ऐभातिलाई पैदा हुन्छ बाला ।।१३।।
सोह्र दिन भित्र होस पर्व दिन छाडी ।
हरि नाम रूप सम्झ अरू कुरा छाडी ।।
ऋतुमति भएको पाँच दिन पछि ।
जोर दिन्मा ऋतुदान दिनुपर्छ सम्झी ।।१३।।

दोहा- बाँझी जति छन् सुन्दरी, बर्त बसुन् रविवार ।
पाठ गरुन् कि सुनुन् यही, हूनेछन् सुत चार ।।

इति श्रीसूर्यपुराणे वन्ध्यास्त्री पुत्रजननं नाम प्रथमः

श्रीसूर्यको अर्को कथा अमृत् जस्तै जानी ।
हृदयमा भक्ति राखी सुनिलेउ भवानी ।।
महारोग क्षयरोग कुष्ठरोग हून्या ।
राजरोग नीको नभै जन्मभरि रून्या ।।१।।

यस्ता रोगी मानिसको जन्म तेसै जान्छ ।
रोगबाट मुक्ति नभै काल्ले तानी लान्छ ।।
ओखतीले नछुँदामा मन्मा दिक्क लाग्ला ।
शरीरको बाँच्ने आशा चित्तदेखि भाग्ला ।। २ ।।
राजरोगी मानिसले मन्मा भक्ति धर्नू ।
रविवार व्रत बसी सूर्य-पूजा गर्नू ।।
ढोगिदिनू श्रीसूर्यलाई दुवै हात जोरी ।
तेह्र मैह्ना पुगेपछि निको हुन्छ कोरी ।। ३ ।।
पृथिवीमा सुत्नु पर्छ नखानु नुनीलो ।
भात खानू दहीसँग तिहुन अलीनो ।।
मैह्ना दिन्मा ब्राह्मण् डाकी होम गर्न बस्नू ।
होम् गरेको भस्म लिई आफ्नो अङ्मा घस्नू ।। ४ ।।
मैह्ना पिछे यसै गरी तेह्र मैह्नासम्म ।
नियम् गर्नू येही रित्ले जिउ होला टम्म ।।
बिहान र बेलुका सूर्य-पुराण् बाँच्नू ।
येहि सूर्य-पुराण् बाँची रोग्को कम्मर् भाँच्नू ।। ५ ।।

दोहा– कुष्ठ भए हुँदा अङ्गमा, सुन्नू सूर्य-पुराण ।
व्रत गर्नू रविवारको, मिल्ला काया-दान ।।

इति श्रीसूर्यपुराणे कुष्ठनिवारणं नाम द्वितीयः

अर्को कथा विस्तार् गर्छु हे शैलकुमारी! ।
लोग्नेमानिस चाहे सुनोस् चाहे सुनुन् नारी ।।
जस्ले पनि श्रीसूर्यको व्रत गर्न हुन्छ ।
आइतवार्को व्रत जस्तो अरू बर्त कुन् छ ।। १ ।।

दुवै आँखा नदेख्न्या जो छन् अन्धा देही ।
दिव्य कथा सुनी लिउन् सूर्य-पुराण् येही ।।
नून छाडुन् रविवार एकै छाक खाउन् ।
पूजा गरुन् आदित्यको मन्मा भक्ति लाउन् ।। २ ।।

पीपलको रूख मनि बसी पुरान् सुन्नू ।
ईश्वर भन्नु आदित्य हुन् येति मन्मा गुन्नु ।।
तीन् वर्षका भित्रभित्रै आँखा देख्ने हुन्छ ।
बैह्रो पनि यत्ति दिन्मै कान्ले राम्रो सुन्छ ।। ३ ।।

मन्मा राखुन् सबै जना श्रीसूर्यको भक्ति ।
महिमा छ अगमको पुराणमा शक्ति ।।
रोग जति आराम् हुन्छ नीरोग् हुन्छ जीऊ ।
कमाइ गर्नु मिहीनेत्ले अनि खानु घीऊ ।।४।।

दोहा– आँखा खुल्दछ अन्धको, बैह्रो सुन्दछ कान ।
जगमग ज्योति रूपका, धन्य सूर्य भगवान् ।।

इति श्रीसूर्यपुराणे अन्ध लोचन-प्राप्ति नाम तृतीयः

परदेश जानु पर्दा साइतैका दिन्मा ।
सूर्य-पुराण येही पढुन् उभिएर छिन्मा ।।
परदेशमा नित्य सदा पाठ गरुन् यस्को ।
जस्ले येति गरिलेला के भनुँ म त्यस्को ।। १ ।।

साइत् गर्दा शुभो हुन्छ, यात्रा हुन्छ जाति ।
बाघ् भालुको भय हुन्न चोर लाग्दैन राती ।।
हात्मा पर्छ धन-दौलत् जिउ हुन्छ ताजा ।
घर फर्की आएपछि सुख्को बज्छ बाजा ।। २ ।।

रोग् लागेमा रिन् लागेमा सूर्यलाई मान्नू ।
रोग जति निको हुन्छ रिन् मेटिन्छ जान्नू ।।
सूर्य-पुराण् पाठ् गर्नाले रोग्ले दिन्न धक्का ।
यो पाठ् गर्ने मानिस्लाई रिन् लाग्दैन पक्का ।।३।।

दोहा- समय भयामा गमनको, सुन्नू येहि पुरान ।
सकल मनोरथ पुग्दछ, मालिक छन् भगवान् ।।४।।

इति श्रीसूर्यपुराणे मनोवाञ्छित फलप्राप्ति नाम चतुर्थः

आदित्यको महिमा अगम् छ भवानी ।
सुर-नर भजन् गर्छन् ईश्वर भन्ने जानी ।।
कस्तै विपत् कस्तै दुःख कस्तै गाह्रो पर्दा ।
उद्धार् हुन्छ मानिसको सूर्य-पूजा गर्दा ।।१।।
पाठ गर्दा पुण्य हुन्छ सूर्यको चरित्र ।
पापी पनी सुन्छ भने हुनेछ पवित्र ।।
श्रीसूर्यको भजनले दुर्भाग्यलाइ हान्छ ।
आदित्यका प्रतापले लोक्ले त्यस्लाइ मान्छ ।।२।।
कार्तिक् मास्मा चैत्र मास्मा सबै नर-नारी ।
अर्घ दिन्छन् सूर्यलाई पूजा गर्छन् भारी ।।
श्रीखण्डको चन्दन् घोट्छन् बाल्छन् कपुर बाती ।
सर्दाम् गर्छन् सबै रातो रातै फूल् र पाती ।।३।।
वर्दान् माग्छन् मनमनै भैंमा माथा टेक्छन् ।
कल्याण् गर्छन् आदित्यले पर्ने कष्ट छेक्छन् ।।
सूर्यलाई मानेदेखि कुरा पुग्छ मन्को ।
तालीवर हुन्छन् सबै कम्ति हुन्न धन्को ।।४।।

दोहा- प्रभुको लीला अगमको, धन्य सूर्य भगवान् ।
अर्को कथा म भन्दछु, राखि उनैको ध्यान ।।

शङ्कर् भन्छन् पार्वतीका मुखतिर हेरी ।
गौरी! सुन अर्को कथा मैले भन्छु फेरि ।।
सिंहल् द्वीप्मा राजा थिए परीक्षित भन्या ।
जस्को घर्मा बिग्र राम्री जन्मिन् यौटी कन्या ।।५।।

बत्तीस लक्षण् तिन्को थियो सुकुमार अङ्ग ।
सुन चाँपोझैं अति राम्रो थियो जिउको रङ्ग ।।
गोल्काँक्रीझैं अधर तिन्का रातै थियो गाला ।
हिंड्दाखेरि बिर्साउँथिन् हंसनीको चाला ।।६।।

आँखा थिए कमल् जस्ता मुहार् मानु चन्द्र ।
बढ्दा-बढ्दै मैयाँ भइन् वर्ष चौध-पन्ध्र ।।
श्रीसूर्यको भक्ति गर्थिन् उन्कै गर्थिन् पूजा ।
पूजा सकी एकैछाक ज्यूनार् गर्थिन् भूजा ।।७।।

कथा सुन्थिन् श्रीसूर्यको दिनै-दिन् कुमारी ।
खुशी भए भक्ति देखी कोही दिन् तमारी ।।
दर्शन् दिया मैयाँलाई आफैं सामु आई ।
खुशी भइन् मैयाँ पनी प्रभुलाई पाई ।।८।।

सूर्य भन्छन् मैयाँसँग पुग्ला तिम्रो काज ।
तिम्रो भक्ति देख्दा साह्रै खुशी भएँ आज ।।
सधैं तिम्रो घर्मा आई खानेछु म खाजा ।
नित्यप्रति तयार् गर्नु मोहन्भोग ताजा ।।९।।

'हुन्छ' भनिन् राजपुत्रीले दुवै हात जोरी ।
यति सुनी ठाकुर् गए मैयाँलाई छोडी ।।
यसैरित्लेदिन्‌दिन्‌ठाकुर्‌तिन्‌का पास्‌मा आई ।
एक्‌छिन्‌बसी फर्की जान्थे मोहन्‌भोग खाई ।।१०।।
रैतीदेखि लिईकन उसो राजा काजी ।
आदित्यका प्रतापले थिए खुशी राजी ।।
सिंहल्‌ द्वीप्‌मा रोगी कङ्गाल्‌ कोही थिएन ।
भक्ति भेद्‌को थाहा पाउने कोहि भएन ।।११।।
रैती सारा सुखी थिया धेरै हुन्थ्यो अन्न ।
अन्न सस्तो हुँदा सबै कङ्गाल्‌ थिए मग्न ।।
रोग व्याधि नलाग्दामा मानिस्‌ थिए मोटा ।
राज्यभरि थिएनन्‌ क्वै क्षुद्र छुचा छोटा ।।१२।।
दिनदिनै राज्यको उन्नति नै हुन्थ्यो ।
अवनति बन पसी डाँको छाडी रुन्थ्यो ।।
बूढो बाँची बालो कोही मरेर गएन ।
सिंहल्‌ द्वीपमा दुखिदाखी कोही देखिएन ।।१३।।
कोही दिन्‌मा आश्चर्य भो उही कुरा भन्छु ।
मैयाँका प्रारब्धको हुनिहार कहन्छु ।।
एक्‌ दिन्‌ मैयाँ सबेर्‌ उठी पैदल्‌ गइन्‌ गङ्गा ।
गङ्गाजीको दर्शन्‌ गरी मन भयो चङ्गा ।।१४।।
सारीरुमाल्‌तिर्‌मा राखी जल्‌मा पसिन्‌ बाला ।
छातिमा शोभा दिन्थ्यो खुब्‌ मोतिको माला ।।

नुहाउन लागिन् तिनी मिची मिची अङ्ग ।
एक्ली थिइन् रात्रपुत्री कोही नाहीं सङ्ग ।।१५।।
हरि! शङ्कर ! मन्ले भज्दै विष्णु अनुरक्त ।
तेही बखत् ताहाँ आया नारद् मुनि भक्त ।।
स्नान गर्थिन् राजकन्या गङ्गाजलमा खेली ।
मोहित् भए युवतिलाई देखेर अकेली ।।१६।।
नयाँ जोबन् बालिकाको रूप रङ्ग देखी ।
नारद्जीको छुटिगयो भक्ति-रसको शेखी ।।
गङ्गा तीर्मा ताहीं नेर उभिएरै टक्क ।
सौन्दर्यको लहरीमा नारद् पऱ्या छक्क ।।१७।।
एक् छिन् पछि नारद्जीले उठेर टपक्क ।
चीर हरन् गरि लिया मैयाँको थपक्क ।।
राज-कन्या बिन्ती गर्छिन् मुनिलाई पुकारी ।
सारी मेरो दिनुस् मुनि ! धर्म नै बिचारी ।।१८।।
राज्कन्याको कुरा सुनी नारद् भन्छन् हाँसी ।
मैयाँ तिम्रो चढ्दो जोबन् मलाइ दिन्छ फाँसी ।।
दया गर दयावती होउ आज दाता ।
मेरा साथ्मा पुरुषको जोडिदेऊ नाता ।।१९।।
नारद्जीका कुरा सुनी मैयाँ भन्छिन् ताहाँ ।
कस्तो कुरा गर्नुहुन्छ बुद्धि गयो काहाँ ।।
मलाइ इच्छा रति छैन नहोस् जबर्दस्ती ।
कन्याहरू पडिरैछन् लाखौं भने जस्ती ।।२०।।

गृहस्थीमा मन गए आफ्नै दिल्ले रोजी ।
अरू कुनै राम्री कन्या बिहा गर्नु खोजी ।।
बिन्ती गर्छु दया रहोस् दिनुस् मेरो सारी ।
किन उसै बोक्नुहुन्छ शिर्मा पाप्को भारी ।।२१।।

दोहा- मैयाँ भन्छिन् हे मुनी! नग्न रहूँ कति बेर ।
लाज बचोस् सारी मिलोस् किन हुनुभो नि अटेर ।।

बिन्ती सुनी राजकन्याको लाज्ले केही झर्की ।
तिन्को पोशाक् तीर्मा राखी नारद् गए फर्की ।।
मैयाँ निस्किन् पानीबाट फेरिन् आफ्नू धोती ।
पुकार गरिन् आदित्यको आँशू झारिन् मोती ।।२२।।
आदित्यले सराप् दिए नारद् ऋषिलाई ।
स्थिर् भै बस्न सक्नेछैनन् योटै ठाम्मा आई ।।
त्यस् दिन्देखि नारद् मुनि चौधै भुवनमाहाँ ।
स्वर्ग-मर्त्य-पाताल्पुरि डुल्छन् जहाँताहाँ ।।२३।।

इति श्रीसूर्यपुराणे नारदमोहो नाम पञ्चमः

सुन गौरी ! आदित्यको म अर्को कथा भन्छु ।
पम्पापुर्को अति राम्रो हवाल् म कहन्छु ।।
हलधर विप्र थिए तेही देश्का राजा ।
विद्वान् थिए, शरीरका थिए मोटा-ताजा ।।१।।
आदित्यको पूजा गर्थे सदा दिन-राति ।
कथा सुन्थे सूर्य-पुराण् नित्य भलिभाँति ।।
अति ठूलो सरोवर थियो योटा ताहाँ ।
जुहारका सिंडी थिए रत्नजडित् जाहाँ ।।२।।

घाट्को कुरा के कहूँ म सुनैसुन्का कस्ता ! ।
हेर्दाखेरी चित्त हर्ने जाति लाग्ने बस्ता ।।
सरोवर्को बीच्मा थियो अजङ्गको खम्बा ।
सय योजन् अग्लो होला उँचाईमा जम्बा ।। ३ ।।
तेहि खम्बामहाँ थियो प्रभुको निवास ।
प्रातःकाल्मा खम्बा बढ़ी पुग्दथ्यो अकाश ।।
चार् लाख् कोश्को टाढाबाट सूर्योदय हुन्थ्यो ।
खम्बा योजन् एक हज्जार एकै पल्मा जान्थ्यो ।। ४ ।।
प्रातःकाल्मा उदयाचल अस्ताचल बेलूका ।
तेही खम्बा उडी जान्थ्यो वायु झैं हलूका ।।
यस्तै रिते् आदित्य आउनू-जानू गर्थे ।
भक्तको दुःख कष्ट हतार् मानी हर्थे ।। ५ ।।

दोहा- धन्य भानु प्रभु तेजमय, छायापति भगवान् ।
धन्य दयालू बुद्धिवर, सुन्दर शील निधान ।।
कुष्टी यदि भक्ति गरोस्, पाओस् काया-दान ।
अन्तरयामी नाथ छौ, धन्य सूर्य भगवान् ।।
सुर-नर-मुनि स्तुति गर्दछन् धरी निरन्तर ध्यान ।
तीन लोक नउ खण्डमा, बढ्छ सबैको ज्ञान ।।

इति श्रीसूर्यपुराणे उदय-स्तम्भ वर्णनं नाम षष्ठः

इच्छा देख्दा पार्वतीको मुखतर्फ हेरी ।
आज्ञा गर्छन् अलिक् हाँसी भोलानाथ फेरी ।।
जस्ता रित्ले पूर्वतर्फ सूर्योदय हुन्छ ।
उही कथा ऐह्ले मेरो मुख्बाट चुहुन्छ ।। १ ।।

पूर्व दिशामहाँ यौटा श्रीपुर् भन्ने देश ।
रैती सदा खुशी राजी हावा-पानी बेस ।।
महेश् राजा तहाँ छन् आदित्यका भक्त ।
जस्का राजमा कङ्गाल् छैनन् न ता छन् अशक्त ।।२।।

हज्जार् कोशको एउटा पर्वत् ताहीं छ भवानी ।
आदित्यको बस्ने स्थल् हो बस्छन् खुशी मानी ।।
दुवै प्रहर् ताहीं रही पश्चिमलाई फेरी ।
प्रकाश् गर्छन् आदित्यले नलाएर देरी ।।३।।

अमृत् जस्तो कथा सुन्दा अति हर्ष मानी ।
दुवै आँखा चिम्ली लिइन् खुशी भै भवानी ।।
आँशु चुह्यो हर्ष भई भिजिगयो अङ्ग ।
स्तुति गर्छिन् पार्वतीले शरीर् भो जुरुङ्ग ।।४।।

स्तुति– जय सूर्य नारायण! जय जगन्नाथ ।
जय मित्र मार्तण्ड! जगमग गाथ ।।
स्तुति गरूँ कसो गरी केही छैन ज्ञान ।
जान्दिन महिमा म साह्रै छु अजान ।।५।।

बुद्धि छैन स्तुति गर्छु दुवै हात जोरी ।
बुद्धि हवस् कसोगरी पर्वत्की हुँ छोरी ।।
अन्तर्यामी आफैं छौ जानि लिने मन्को ।
महापातक नष्ट गर्छौ नाउँ लिने जन्को ।।६।।

प्रताप् ठूलो हजूरको छ स्यमन्तकधारी ।
भक्त-जन्लाइ सुख दिने दुःख-सागर तारी ।।

दया गर्नोस् दयालु खुशी हुनोस् आज ।
श्रीसूर्यको भक्ति गर्छु पुगोस् मन्को काज ।।७।।

दोहा- येही स्तुति सब पाठ गरुन्, उठि सबेर गरि स्नान ।
पुग्छ मनोरथ भक्तको, खुशि हुन्छन् भगवान् ।।

इति श्रीसूर्यपुराणे पूर्वदिक् उदय वर्णनं नाम सप्तमः

उत्तर्तर्फ विशाल्पुरी भन्ने देश् छ खासा ।
मदन्गोपाल् राज्य गर्छन् पापी कै छ वासा ।।
सये योजन्को पर्वत् एक छ ताहीं रहेको ।
सूर्य किरन् छिर्ने नाहीं अँध्यारै भएको ।।१।।
शहर सारा अन्धकार्ले देख्नु सुन्नु नाहीं ।
दिन्मा पनि बत्ती बाली हिंड्न पर्ने ताहीं ।।
कलिजुग्को हैकम् ताहाँ बेस गरि चल्थ्यो ।
पापी म्लेच्छ रैती बसी पाप्ले मानु छल्थ्यो ।।२।।
यही कारन् पर्दा खेरि उदाएनन् भानु ।
पापीको ता पापकर्म ठूलो हैन सानु ।।
अचम्मको यौटा कथा तिमीसित भन्छु ।
नारदजी पुगेको समाचार कहन्छु ।।३।।
तलदेखिन् माथिसम्म अन्धकारले टम्म ।
यस्तो शहर् देखि परे नारद्जी अचम्म ।।
धर्म कथा काहीं नाहीं पाप्का मात्र कर्म ।
शहर्भरि देखिलिए अधर्मै अधर्म ।।४।।
यस्तो देखी नारद्जीले सराप् दिए ताहाँ ।
रैती सबै कुष्ठि हउन् अनि चेत्लान् याहाँ ।।

नारद्जीको श्राप् पर्नाले कुष्ठि भए सारा ।
आठैअङ्माबग्नलाग्योपीप्-रगत्कोधारा ।।५।।
राजादेखि रैतीसम्म साना ठूलालाई ।
कुष्ठ फुट्यो जिउभरि सद्दे भन्नु नाहीं ।।
यस्तो देखी व्याकुल् भए सबै नर-नारी ।
त्राहि-त्राहि भन्न लागे दुःखले पुकारी ।।६।।
नारद्जीले भन्न लागे सुन सबै भाइ ।
पाप्को भारी व्यर्थै बोक्यौ मानिस् चोला पाई ।।
श्रीसूर्यको भक्ति राखी पूजा गर्नू चाहाँ ।
आराम् होला कुष्ठ रोग केही दिनमाहाँ ।।७।।
येति भनी नारद् गए सूर्यलोकमाहाँ ।
बिन्ती गरे सूर्यसँग विस्तार् गरी ताहाँ ।।
मैले दियाँ उग्र सराप् त्यो छुट्ने हो कैह्ले ।
कृपानिधि ! आज्ञा हवस् येति कुरा पैह्ले ।।८।।
आदित्यले आज्ञा दिए अश्वमेध गर्न ।
सर्जाम् गरी नारद् लागे सोही यज्ञ गर्न ।।
कोटि ब्राह्मणलाई तिन्ले निमन्त्रण पठाए ।
ब्राह्मणको गोडा धुन अप्सरा खटाए ।।९।।
मीठो-मीठो खाने कुरा तयार पार्न लाए ।
ब्राह्मणलाई प्रेमसँग नारद्जीले ख्वाए ।।
द्यौतालाई निम्ता दिए स्वर्गलोक माहाँ ।
आफ्रा-आफ्रा वाहन् चढी द्यौता आए ताहाँ ।।१०।।

ब्रह्मा आए विष्णु आए आए त्रिपुरारी ।
नारद्‌जिले सत्कार् गरे अश्वमेध्‌मा भारी ।।
सन्तोष् मानी देवताले सूर्य गुण गाए ।
पूर्णाहुति समाप्त भो सब्‌ले आराम् पाए ।।११।।

दोहा– यज्ञ गरे नारद्‌जीले, शोभा भयो महान् ।
सुर-नर-मुनि-जन्‌ले तहाँ, गरे सूर्य-गुण गान् ।।

इति श्रीसूर्यपुराणे नारदयज्ञ वर्णनं नाम अष्टमः

नरलोक्‌मा आदित्यको जस्‌ले भक्ति गर्ला ।
धन दौलत् पूर्ण होला आनन्दमा पर्ला ।।
जस्‌ले सुन्ला सूर्य-पुराण्, दुःख पर्दामाहाँ ।
दुःख नष्ट होइजाला सुखी होला याहाँ ।।१।।

शङ्कर भन्छन् गौरीसँग अर्को कथा भन्छु ।
दक्षिणतर्फ उदाउने कारण म कहन्छु ।।
जयमल राजा थिए दक्षिण देशमा कोही ।
भजन् गर्थे श्रीसूर्यको भक्ति राखि सोही ।।२।।

ती राजाको भक्ति देख्दा खुशी भए भानु ।
अनहद नाद हुन्थ्यो घण्ट बज्थ्यो मानु ।।
दक्षिण्‌पट्टि स्वर्ण जस्ती नगरी छन् काशी ।
जहाँ बस्छन् विश्वेश्वर शङ्कर अविनाशी ।।३।।

अन्नपूर्णा ताहीं बसिन् त्रिभुवन्‌की माता ।
ढुण्डि साक्षीगणेश् बस्छन् मनोरथ्‌का दाता ।।
तेतिस्‌कोटि द्यौताहरू ताहीं निवास् गर्छन् ।
गङ्ग न्वाही रैतीहरू रोग-व्याधि हर्छन् ।।४।।

उत्तर्वाहिनी ती छन् भागीरथी गङ्गा ।
जस्को दर्शन् गर्दाखेरि चित्त हुन्छ चङ्गा ।।
विशालाक्षी बिन्दुमाधव् आदिकेशव् ताहीं ।
दुर्गा पनि निवास् गर्छिन् नगएर काहीं ।।५।।
बाह्र सूर्य ताहीं छन् ती खुशीले रहेका ।
तेतिस्कोटि ताहीं नै छन् देवता कहेका ।।

दोहा– गौरी ! सुन अब भन्दछू, बाह्र सूर्यको नाम ।
नित्य जपे हुँदि नाम हो, बन्छ सबैको काम ।।

आदित्य हो पैह्लो नाउँ दोस्रो नाम् दिवाकर ।
तेस्रो नाउँ भास्कर जान्नु चौथो हो प्रभाकर ।।
सहस्रांशु पाँचौं नाम् हो त्रिलोचन छैठौं ।
हरिदश्व सातौं नाम् हो विश्वावसु आठौं ।।१।।
नवौं नाम सविता हो द्वादशात्मक दशौं ।
त्रयीमूर्ति एघारौं नाम सूर्य नाम हो बाह्रौं ।।
बाह्र नाऊँ जप्ने गर्नू प्रातःकाल्मा ऊठी ।
एति गरेदेखिन् जाला दरिद्रता छूटी ।।२।।
खराब् स्वप्न देखे पनि शुभो होइ जाला ।
लछिमिको दया भई आनन्दले खाला ।।
आयु बढ्ला कष्ट डढ्ला छोरा होलान् धेरै ।
बुद्धि हुन्या मानिसले भुल्नु छैन हेरै ।।३।।
जस्का घरमा सूर्य-पुराण् दिनौं गर्छन् पाठ ।
आदित्यको प्रतापले सिद्धि बस्छन् आठ ।।

पाठ गर्ने मनुष्यलाई कैह्ले रोग्ले छुन्न ।
तालीवर हुनेछ त्यो कङ्गाल पनि हुन्न ।।४।।
घोर् कलिमा पापी बढ्लान् कहाँसम्म भन्नू ।
यौटा हैन दोटा हैन कति ओटा गन्नू ।।
मानिस् हुन्छन् बिघ्न बाठा बड़ालाइ नमान्ने ।
भण्टाका बोट्मा गई झटाराले हान्ने ।।५।।
कलियुग्का ब्राह्मण्हरू कस्ता भन्नु मैले ।
पाहुनालाइ पछि ख्वाई आफू खाने पैह्ले ।।
कमारीलाइ प्यारो गर्ने घरकी नारी छोड़ी ।
विजातीलाइ बिहे गर्ने लगन - गाँठो जोड़ी ।।६।।
पियाज खाने लुकि - लुकि लसुन् खाने हाकी ।
गाँजा खाने चिलिम् भरि शेष् नराखी बाँकी ।।
मदक् खाने घोट्टा छान्ने छीटा खाने कति ।
सन्ध्या - तर्पण् छाडिदिने लालच् गर्ने अति ।।७।।
मनुष्यको मासु पनि मनुष्यले खाला ।
बाहुन् होस् वा च्यामे होस् वा जस्मा पनि जाला ।।
जब यस्तो हुन जाला कलियुग माहाँ ।
ईश्वरले औतार् लिनन् कलङ्कीको याहाँ ।।८।।
बाह्रै सूर्य उदाउनन् एकै चोटी दिन्मा ।
डढ़ाएर दोषीलाई खाक् गर्देलान् छिन्मा ।।
सबै पापी मर्दाखेरि महा पर्लय हुन्छ ।
वाहाँपछि सत्ययुग्ले नरलोक्लाई छुन्छ ।।९।।

सत्ययुग्मा मानिस् होलान् दान-पुण्य गर्ने ।
लुच्चा-छुच्चा हुने छैनन् पर-स्त्रीमा मर्ने ।।
हवन् गर्लान् पूजा गर्लान् रहलान् पवित्र ।
धर्म राख्लान् मनुष्यले आफ्ना मन भित्र ।।१०।।
झूट्टा कुरा गर्ने छैनन् ढाँट्थे तिन्ले काहाँ ।
निशिदिन सूर्यपुराण् पढ़लान् सुन्लान् याहाँ ।।
ब्राह्मण् भोजन् गराउलान् नित्य आफ्ना घर्मा ।
आफू खुसी सबै होलान् बस्ने छैनन् कर्मा ।।११।।

दोहा- पार्वति ! जस्ले सुन्छ यो, छुट्दछ तीनै ताप ।
धन जन सुखले पूर्ण भै, हुन्न कतै परिताप ।।

इति श्रीसूर्यपुराणे कलिवर्णनं नाम नवमः

उमा भन्छिन् शङ्कर् सँग हुकुम् हवस् स्वामी ।
जस्को सेवा गरी लोक्मा मानिस् हुन्छ नामी ।।
आदित्यको कथा मैले अर्को सुन्न पाउँ ।
भक्ति राखि हृदयमा उन्कै नाम गाउँ ।।१।।
श्रीसूर्यको कस्तो रूप् छ कुन सूर्य हुन्छन् ।
कैह्ले चर्को किरण् हुन्छ कैह्ले शीतल् हुन्छन् ।।
कुन् मैह्नामा कुन् सूर्यले प्रकाश् दिन्छन् याहाँ ।
कस्ता रित्ले व्रत बस्नु नरलोक माहाँ ।।२।।
सबै कुरा सुन्न पाउँ आज अविनाशी ।
एति सुनी आज्ञा हुन्छ शङ्कर् केही हाँसी ।।
धन्य धन्य गिरिजे ! धन्य आद्याशक्ति ।
आदित्यका चरित्रमा तिम्रो लाग्यो भक्ति ।।३।।

दोहा- धन्य धन्य गिरिजा तिमी, सोध्यौ अरुका लागि ।
रवि चरित्र पावन अति, हर्छ जगत्को व्याधि ।।

सूर्य-मण्डल यस्तो भनी वर्णन् गर्छु घेरा ।
बाह्र हज्जार् योजन्को छ चौतर्फको फेरा ।।
हज्जारौं छन् दिव्य आँखा देवले गनेको ।
जगन्नाथ्को डेरा भनी वेदले भनेको ।।४।।

उदाउँदा त्रिभुवन्को अन्धकार भाग्ने ।
हृदयमा भक्ति राख्दा सौभाग्य ता जाग्ने ।।
तिनैसँग वर माग्छन् ईश्वर् पनि नित्य ।
परब्रह्म साक्षी छन् बयान् गर्छु सत्य ।।५।।

ब्रह्म रूप्ले उदाउँछन् उदाउँदा खेरि ।
त्रिभुवन प्रकाश् गर्छन् नयनले हेरि ।।
सम्झँदैमा हृदयमा प्रकाश् हुन्छ घेरा ।
मध्याह्नको सूर्य-मण्डल विष्णुको हो डेरा ।।६।।

सन्ध्याकाल्मा सूर्य हुन्छन् रुद्र गति धारी ।
ब्रह्मा-विष्णु-शङ्कर् यिनै जानि लेउ प्यारी ।।
जस्तो भक्ति राखी जस्ले पूजा गर्छ यिन्को ।
रोग् लागेमा आराम् हुन्छ डर् हुँदैन रिन्को ।।७।।

अटल् विश्वास् राख्नुपर्छ अन्तःकरण्माहाँ ।
मन्ले जिती काम् गरेमा फल्छ जाहाँ ताहाँ ।।
सूर्य पूजा गर्नेभन्दा ठूलो मानिस् कुन् छ ।
कोही छैन त्रिभुवन्मा ठूलो तेही हुन्छ ।।८।।

दोहा- येही हो बुझि ल्यौ उमा, रवि पूजाको अर्थ ।
मिल्छ यही पूजा गरे, चाँडै चार पदार्थ ।।

बाह्र मैह्ना, बाह्र सूर्य, बाह्र हुन्छ नाउ ।
एकेक गरी सुन गौरी तिमीलाई सुनाउँ ।।
माघ मैह्ना मकर् राशिमा सूर्य जान्छन् जान्नू ।
नाउँ तिन्को अरुण हो ईश्वर् उनै मान्नू ।।९।।

फागुन्मास कुम्भ राशि सूर्य बस्न जान्छन् ।
सूर्य नाम्का सूर्यलाई नरलोक्ले मान्छन् ।।
चैत्र मास सूर्य नारान् मीन्मा बस्छन् जाई ।
वेदाङ्ग हुन् पूजा गर्छन् भक्तले रमाई ।।१०।।

वैशाख मास भानु सूर्य मेष्मा गर्छन् वास ।
जेठ्मा इन्द्र नाम्का सूर्य वृषमा हुन्छन् खास ।।
असार् मास चर्को घाम रविले गराउँछन् ।
रवि गई मिथुन् राशि असार्मा रमाउँछन् ।।११।।

साउनमा झरि लाउँछन् श्रीसूर्य गभस्ती ।
कर्कट् राश्मा उनै बसी लिन्छन् आफू मस्ती ।।
भाद्र मासका मालिक् सूर्य यम हुन्छन् जान्नू ।
सिंहराश्मा इनै जान्छन् मेरः कुरा मान्नू ।।१२।।

आश्विन् मास सूर्यको नाम् सुन गौरी ! एता ।
कन्या राश्मा राज्य गर्छन् नाम् सुवर्णरेता ।।
कार्तिक् मास्मा दिवाकर तुलाराश्मा जान्छन् ।
यसै हुँदा मानिसले जाडो धेरै मान्छन् ।।१३।।

मित्र नाम्का सूर्य जान्नू मार्गशीर्ष मैह्ना ।
मङ्‌सिरमाहाँ उनै गर्छन् बिछी राश्मा चैना ।।
पुस्मा विष्णु नाम्का सूर्य धन्मा बस्छन् बासा ।
पूर्ण गर्छन् बाह्र सूर्य भक्तजन्को आसा ।।१४।।

दोहा- सुन पर्वतकी नन्दिनी, व्रतको बेस विधान ।
शुभगति दीन्या व्रत हुन्, भन्छन् वेद पुराण ।।

इति श्रीसूर्यपुराणे द्वादशादित्य वर्णनं नाम दशमः

शनिवार्का दिनमा आहार् गर्नु थोरै ।
रविवार शैया त्याग्नू उठेर सबेरै ।।
स्नान गर्नू हत्तपत्त चोखो धोती फेर्नू ।
सूर्योदय भो कि भनि आकाश्तिर हेर्नू ।।१।।
अर्घ दिनू अञ्जुलिले दर्शन् मिल्नासाथ ।
प्रदक्षिणा गर्नू अनि भैंमा राख्नू माथ ।।
राता सर्जाम् पार्नु सबै पूजा गर्नुपर्छ ।
आदित्यको पूजा गरे ग्रह-दशा टर्छ ।।२।।
मङ्‌सिरमहाँ व्रत बस्दा फलाहार गर्नू ।
चित्त लगि मित्रको मण्डल्माहाँ धर्नू ।।
पुस्मा व्रत गर्दा खेरि पाए खानु घीऊ ।
धेरै हैन तीनै मुठी खाई राख्नु जीऊ ।।३।।

दोहा- तीन मुठी तिल्को आहार गर्नू माघमहाँ ।
पूजा गर्नु सूर्यको, इच्छा पुग्छ यहाँ ।।
फागुन् मैह्ना व्रत गर्नु फल-दूध खाई ।
चैत्र मास्मा आहार् गर्नू ताजा दहीलाई ।।

वैशाखमा व्रत बस्दा पञ्चगव्य खानु ।
धेरै हैन तीनै मुठी हेरी अन्दाज् गर्नु ।।५।।
तीन् अञ्जुलि पानी खाई जेठ्मा व्रत गर्नु ।
तीनै दाना मरिच् खाई असार मैह्ना टार्नु ।।
साउन् मास्मा व्रत गर्दा चाकू खानु पर्ला ।
गहुँत् खानू तीनै मुठी भदौ व्रत गर्दा ।।६।।
व्रत गर्दा अश्विनमा तिन्टा केरा खानू ।
कार्तिकको रविवार्मा केही हुन्न खानू ।।
पूजा गर्दा हवन् गर्दा रातो सर्जाम् गर्नू ।
रातो पार्न सजिलै छ रक्त-चन्दन छर्नू ।।७।।
आफ्नो स्वास्थ्य विचारनु शुद्ध आहार गर्नु ।
हिंसा कर्म आमिष्य भोजन् कहिल्यै नगर्नु ।।

इति श्रीसूर्यपुराणे व्रत वर्णनं नाम एकादशः

दोहा- व्रतको फल सुन हे उमा, भन्दु म खोली बात ।
सूर्य-व्रत नारी गरुन्, अचल हुन्छ अहिभात ।।

बाह्र वर्ष व्रत गरे वाक्य सिद्धि होला ।
जीवन् मुक्त हुन्छ सोही मनुष्यको चोला ।।
आदित्यमा गई मिल्छ भाग्यमानी देही ।
संसारमा जन्मी गर्नू ठूलो वर्त एही ।।१।।
सूर्य पुरान् भने सुने पातक् सबै छुट्छ ।
रिन् लाग्दैन, रोगी भए आरोग्यता लूट्छ ।।
डाकिनीको शाकिनीको सबै दोष टर्छ ।
भूत वेताल् पिशाच् प्रेत्को बाधा पनि हर्छ ।।२।।

सय् वर्षको आयु हुन्छ, आँखा बिघ्न देख्ला ।
छोरा-नाति जहान् बढ़छन् आनन्दले सुत्ला ।।
सुखी होला नरलोक्मा जय होला त्यस्को ।
सबै काम सिद्ध हुन्छ फेरि डर् छ कस्को ।।३।।

स्त्री-हत्या, बाल-हत्या, ब्रह्म-हत्या डढ़छ ।
सूर्य पुराण् सुन्ने जन्को सधैं धर्म बढ़छ ।।
अपुतोलाई छोरा दिन्छ निर्धनीलाई वित्त ।
चोर् लाग्दैन कैह्ले घर्मा शान्त हुन्छ चित्त ।।४।।

राज-भय अग्निको डर् केही हुने छैन ।
सूर्य-पुराण् सत्य जान्नू झूठा कुरा हैन ।।
चितायाको कुरा यस्ले पूरा गरी दिन्छ ।
पाठ गर्ने मानिसले ठूलो सुख लिन्छ ।।५।।

'यो काम् मेरा पूरा हवस्' मनले चिताई ।
मैह्ना दिन्को नियम् गर्नु कथा सुन्नलाई ।।
कन्या सुनुन् कथा यही धर्म कथा जानी ।
वर मिल्छ अति राम्रो खूबै भाग्यमानी ।।६।।

इति श्रीसूर्यपुराणे उमामहेश्वर संवादे सूर्यकथा फलवर्णनं नाम द्वादशः

सूर्यपुराणको सवाई समाप्त

भगवान् श्रीसूर्यदेवको आरती

(ॐ जय जगदीश्वर, जय सूर्यविनायक हे!
जय अविनाशी! करुणाराशि! जय देव दिवाकर हे!)
त्रिलोकका तम विनाश गरी, जगमा प्रकाश छर्छौ।
तिमी भक्त र सेवकहरुलाई, भवसागर तार्छौ॥
विश्वका तिमी नेत्र हौ, तिमी नभए सब अन्धा।
गर्छौ करुणा सेवकहरुमा, पर्छन् पापीहरु फन्दा॥
सृष्टि स्थिति लय गर्छौ, नास्दछौ तीन ताप।
सकल रोग हरण गर्दै, पार्छौ सब साफ॥
दुःख हर्छौ, सुख भर्छौ, आत्म-ज्योति फिंजार्छौ।
सकल पाप विनाश गरी, विमलै सब पार्छौ॥
सुर-नर-मुनिहरु गर्छन्, तिम्रो पूजन भारी।
सकल सुकर्म सफल पार्छौ, शोक सन्ताप टारी॥
मोह र ईर्ष्या अज्ञान हरी, दिन्छौ सबमा ज्ञान।
अन्न जल सृष्टि गरेर, भर्छौ सबको प्राण॥
जसले तिमीमा मन लगाई, गर्छन् पाठ र पूजा।
तिनका दुःखहरु सारा, छुट्लान् भई धूजा॥
दिन र रात, प्रातः र सायं, जसले गर्छ पुकार।
धन र मान, ज्ञान र मुक्ति, दिन्छौ तिमीले अपार॥
हे सूर्य! सबका स्वामी, गरिन वर्णन तिम्रो।
तिमी हौ करुणासागर, उद्धार गर हाम्रो॥

रचयिता- ओमप्रकाश अधिकारी

सूर्य प्रातः स्मरणम्

श्रीगणेशाय नमः ।।

प्रातः स्मरामि खलु तत्सवितुर्वरेण्यं
रूपं हि मण्डलमृचोऽथ तनुर्यजूंषि ।
सामानि यस्य किरणाः प्रभवादिहेतुं
ब्रह्माहरात्मकमलक्ष्यमचिन्त्यरूपम् ।।१।।

प्रातर्नमामि तरणिं तनुवाङ्मनोभि-
र्ब्रह्मेन्द्रपूर्वकसुरैर्नुतमर्चितं च ।
वृष्टिप्रमोचनविनिग्रहहेतुभूतं
त्रैलोक्यपालनपरं त्रिगुणात्मकं च ।।२।।

प्रातर्भजामि सवितारमनन्तशक्तिं
पापौघशत्रुभयरोगहरं परं च ।
तं सर्वलोककलनात्मककालमूर्तिं
गोकण्ठबन्धनविमोचनमादिदेवम् ।।३।।

श्लोकत्रयमिदं भानोः प्रातःकाले पठेत्तु यः ।
सः सर्वव्याधिनिर्मुक्तः परं सुखमवाप्नुयात् ।।४।।

श्रीसूर्य स्तुतिः

प्रालेयानां करालाः कवलितजगती मण्डल ध्वान्तजालाः
त्रातस्वर्लोकपाला विदलदरुणिमक्षिप्तबालप्रवालाः ।
विश्लिष्यत्-कोकबालाज्वरहरणभगत् कीर्तिजालैर्जटाला
व्योम-व्याप्तौ विशालास्त्वयि दधतु शिवं भास्वतो भानुमालाः ।।

सूर्यार्यास्तोत्रम्

श्रीगणेशाय नमः ।।

शुक्रतुण्डच्छवि सवितुश्चण्डरुचेः पुण्डरीकवनबन्धोः ।
मण्डलमुदितं वन्दे कुण्डलमाखण्डलाशायाः ।।१।।

यस्योदयास्तसमये सुरमुकुटनिघृष्टचरणकमलोऽपि ।
कुरुतेञ्जलिस्त्रिनेत्रः स जयति धाम्नां निधिः सूर्यः ।।२।।

उदयाचलतिलकाय प्रणतोऽस्मि विवश्वते ग्रहेशाय ।
अम्बरचूडामणये दिग्वनिताकर्णपूराय ।।३।।

जयति जनानन्दकरः करनिकरनिरस्ततिमिरसङ्घातः ।
लोकालोकलोकः कमलारुणमण्डलः सूर्यः ।।४।।

प्रतिबोधितकमलवनः कृतघटनश्चक्रवाकमिथुनानाम् ।
दर्शित समस्तभुवनः परहितनिरतो रविः सदा जयति ।।५।।

अपनयतु सकलकलिकृतमलपटलं सुप्रतप्तकनकाभः ।
अरविन्दवृन्दविघटनपटुतरकिरणोत्करः सविता ।।६।।

उदयाद्रिचारुचामर हरितहयखुरपरिहितरेणुराग ।
हरितहय हरितपरिकर गगनाङ्गनदीपक नमस्ते ।।७।।

उदितवति त्वयि विकसति मुकुलीयति समस्तमस्तमितबिम्बे ।
नह्यन्यस्मिन्दिनकर सकलं कमलायते भुवनम् ।।८।।

जयति रविरुदयसमये बालातपः कनकसन्निभो यस्य ।
कुसुमाञ्जलिरिव जलधौ तरन्ति रथसप्तयः सप्त ।।९।।

आर्याः साम्बपुरे सप्त आकाशात्पतिता भुवि ।
यस्य कण्ठे गृहे वापि न स लक्ष्म्या वियुज्यते ।।१०।।

आर्याः सप्त सदा यस्तु सप्तम्यां सप्तधा जपेत् ।
तस्य गेहं च देहं च पद्मा सत्यं न मुञ्चति ।।११।।
निधिरेष दरिद्राणां रोगिणां परमौषधम् ।
सिद्धिः सकलकार्याणां गाथेयं संस्मृता रवेः ।।१२।।

इति श्रीयाज्ञवल्क्यविरचितं सूर्यार्यास्तोत्रं सम्पूर्णम्

सूर्यस्तोत्रम्

श्रीगणेशाय नमः ।। ॐ नमो भगवते आदित्यायाखिलजगतात्म स्वरूपेण कालस्वरूपेण चतुर्विध भूतनिकायानां ब्रह्मादिस्तम्ब पर्यन्तानामन्तर्हृदयेषु बहिरपि चाकाश इवोपाधिनाव्यवधीयमानो भगवानेक एव क्षणलवनिमेषावयवोपचित संवत्सर गणेनापामादान विसर्गाभ्यामिमां लोयात्रामनुवहति ।।१।। यदुहवाव विबुधर्षभ सवितरदस्तपत्यनुसवनमहरहराम्नाय विधिनोपतिष्ठमानानाम् अखिलदुरितवृजिनबीजावभर्जनभगवतः समभिधीमहि तपन-मण्डलम्।।२।। य इह वाव स्थिरचरनिकराणां निजकेतनानां मन-इन्द्रियासुगणानात्मनः स्वयमात्मान्तर्यामी प्रचोदयति ।।३।। य एवेमं लोकमतिकरालवदनान्धकार संज्ञाजगरग्रहगिलितं सम्मृतकमिव विचेतनमवलोक्यानुकम्पया परमकारुणिकवीक्ष-यैवोत्थाप्याऽहरहरनुसवनं श्रेयसि स्वधर्माख्यात्मावस्थाने प्रवर्तयत्यवनिपतिरिवाऽसाधूनां भयमुदीरयन्नटति ।।४।। परित आशापालैस्तत्र तत्र कमलकोशाञ्जलिभिरुपहृतार्हणः ।।५।।

अथह भगवंस्तव चरणनलिनयुगुलंत्रिभुवनगुरुभिर्वन्दितमहम-
यातायाम यजुः काम उपसरामीति ।।६।।

इति श्रीमद्भागवतद्वादशस्कन्धान्तर्याज्ञवल्क्यकृतं सूर्यस्तोत्रं सम्पूर्णम्

सूर्यस्तवराजः

श्रीगणेशाय नमः ।। वशिष्ठ उवाच–

स्तुवँस्तत्र ततः साम्बः कृशो धमनिसन्ततः ।
राजन्नामसहस्रेण सहस्रांशु दिवाकरम् ।।१।।

खिद्यमानं तु तं दृष्ट्वा सूर्यः कृष्णात्मजं तदा ।
स्वप्ने तु दर्शनं दत्त्वा पुनर्वचनमब्रवीत् ।।२।।

श्रीसूर्य उवाच–

साम्ब साम्ब महाबाहो शृणु जाम्बवती सुत ।
अलं नाम सहस्रेण पठेत् स्तवमिमं शुभम् ।।३।।

यानि नामानि गुह्यानि पवित्राणि शुभानि च ।
तानि ते कीर्तयिष्यामि श्रुत्वा वत्सावधारय ।।४।।

विकर्तनो विवस्वाँश्च मार्तण्डो भास्करो रविः ।।५।।

लोकप्रकाशकः श्रीमाँल्लोकचक्षुर्ग्रहेश्वरः ।
लोकसाक्षी त्रिलोकेशः कर्ता हर्ता तमिस्रहा ।।६।।

तपनस्तापनश्चैव शुचिः सप्ताश्ववाहनः ।
गभस्तिहस्तो ब्रध्नश्च सर्वदेवनमस्कृतः ।।७।।

एकविंशतिरित्येष स्तव इष्टः सदा मम ।
देहारोग्यकरश्चैव धनवृद्धियशस्करः ।।८।।

स्तवराज इति ख्यातिस्त्रिषु लोकेषु विश्रुतः ।
य एतेन महाबाहो द्वे सन्ध्येऽस्तमनोदये ।।९।।
स्तौति मां प्रणतो भूत्वा सर्वपापैः प्रमुच्यते ।
कायिकं वाचिकं चैव मानसं यच्च दुष्कृतम् ।।१०।।
एतज्जाप्येन तत्सर्वं प्रणश्यति न संशयः ।
एष जप्यश्च होमश्च सन्ध्योपासनमेव च ।।११।।
बलिमन्त्रोऽर्धमन्त्रश्च धूपमन्त्रस्तथैव च ।
अन्नप्रदाने स्नाने च प्रणिपाते प्रदक्षिणे ।
पूजितोऽयं महामन्त्रः सर्वपापहरः शुभः ।।१२।।
एवमुक्त्वा तु भगवान् भास्करो जगदीश्वरः ।
आमन्त्र्य कृष्ण तनयं तत्रैवान्तरधीयत ।।१३।।
साम्बोऽपि स्तवराजेन स्तुत्वा सप्ताश्ववाहनम् ।
पूतात्मा नीरुजः श्रीमाँस्तस्माद्दुर्गाद्विमुक्तवान् ।।१४।।

युधिष्ठिरकृत सूर्यस्तोत्रम्

त्वं भानो जगतश्चक्षुस्त्वमात्मा सर्वदेहिनाम् ।
त्वं योनिः सर्वभूतानां त्वमाचारः क्रियावताम् ।।१।।
त्वं गतिः सर्वसाङ्ख्यानां योगिनां त्वं परायणम् ।
अनावृतार्गलद्वारं त्वं गतिस्त्वं मुमुक्षताम् ।।२।।
त्वया सान्धार्यते लोकस्त्वया लोकः प्रकाश्यते ।
त्वया पवित्रीक्रियते निर्व्याजं पाल्यते त्वया ।।३।।
त्वामुपस्थाय काले तु ब्राह्मणा वेदपारगाः ।
स्वशाखाविहितैमन्त्रैरर्चन्त्यृषिगणार्चिताः ।।४।।

तव दिव्यं रथं यान्त मनुयान्ति वरार्थिनः ।
सिद्धचारणगन्धर्वा यक्षगुह्यकपन्नगाः ।।५।।
त्रयस्त्रिंशच्च वै देवास्तथा वैमानिका गणाः ।
सोपेन्द्राः समहेन्द्राश्च त्वामिष्ट्वा सिद्धिमागताः ।।६।।
उपयान्त्यर्चयित्वा तु त्वां वै प्राप्तमनोरथाः ।
दिव्यमन्दारमालाभिस्तूर्णं विद्याधरोत्तमाः ।।७।।
गुह्याः पितृगणाः सप्त ये दिव्या ये च मानुषाः ।
ते पूजयित्वा त्वामेव गच्छन्त्याशु प्रधानताम् ।।८।।
वसवो मरुतो रुद्रा ये च साध्या मरीचिपाः ।
बालखिल्यादयः सिद्धाः श्रेष्ठत्वं प्राणिनां गताः ।।९।।
सब्रह्मकेषु लोकेषु सप्तस्वप्यखिलेषु च ।
न तद्भूतमहं मन्ये यदर्कादतिरिच्यते ।।१०।।
सन्ति चान्यानि सत्त्वानि वीर्यवन्ति महान्ति च ।
न तु तेषां तथा दीप्तिः प्रभवो वा यथा तव ।।११।।
ज्योतींषि त्वयि सर्वाणि त्वं सर्वज्योतिषां पतिः ।
त्वयि सत्यं च सत्त्वं च सर्वे भावाश्च सात्त्विकाः ।।१२।।
त्वत्तेजसा कृतं चक्रं सुनाभं विश्वकर्मणा ।
देवारीणां मदो येन नाशितः शार्ङ्गधन्वना ।।१३।।
त्वमादायांशुभिस्तेजो निदाघे सर्वदेहिनाम् ।
सर्वौषधिरसानां च पुनर्वर्षासु मुञ्चसि ।।१४।।
तपन्त्यन्ये दहन्त्यन्ये गर्जन्त्यन्ये यथा घनाः ।
विद्योतन्ये प्रवर्षन्ति तव प्रावृषि रश्मयः ।।१५।।
न तथा सुखयत्यग्निर्न प्रावारा न कम्बलाः ।
शीतवातार्दितं लोकं यथा तव मरीचयः ।।१६।।

त्रयोदशद्वीपवर्ती गोभिर्भासयसे महीम् ।
त्रयाणामपि लोकानां हितायैकः प्रवर्तसे ॥१७॥
तव यद्युदयो न स्यान्दन्धं जगदिदं भवेत् ।
न च धर्मार्थकामेषु प्रवर्तेरन्मनीषिणः ॥१८॥
आधानपशुबन्धेष्टिमन्त्रयज्ञतपः क्रियाः ।
त्वत्प्रसादादवाप्यन्ते ब्रह्मक्षत्रविशां गणैः ॥१९॥
यदहर्ब्रह्मणः प्रोक्तं सहस्रयुगसम्मितम् ।
तस्य त्वनादिरन्तश्च कालज्ञैः परिकीर्तितः ॥२०॥
मनूनां मनुपुत्राणां जगतोऽमानवस्य च ।
मन्वन्तराणां सर्वेषामीश्वराणां त्वमीश्वरः ॥२१॥
संहारकाले सम्प्राप्ते तव क्रोधविनिःसृतः ।
संवर्तकाग्निस्त्रैलोक्यं भस्मीकृत्यावतिष्ठते ॥२२॥
त्वच्छदीधितिसमुत्पन्ना नानावर्णा महाधनाः ।
सैरावताः साशनयः कुर्वन्त्याभूतसम्प्लवम् ॥२३॥
कृत्वा द्वादशधात्मानं द्वादशादित्यतां गतः ।
संहृत्यैकार्णवं सर्वं त्वं शोषयसि रश्मिभिः ॥२४॥
त्वामिन्द्रमाहुस्त्वं रुद्रस्त्वं विष्णुस्त्वं प्रजातिः ।
त्वमग्निस्त्वं मनः सूक्ष्मं प्रभुस्त्वं ब्रह्म शाश्वतम् ॥२५॥
